मजदुर
The Worker Daily दैनिक
- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष : २६ ★ अङ्क : १०७ ★ ने. सं. ११४४ वछला थ्व, प्रतिपदा ★ बिहीबार ★ २७ वैशाख, २०८१ ★ May 9, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "हरेक तहको पाठ्यक्रममा कानुनी ज्ञान दिने विषय समावेश हुनुपर्छ"




भक्तपुर, २६ वैशाख । बहत्तरौँ कानुन दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ ल को आयोजनामा प्रवचन एवं कलेजबाट प्रकाशित 'ख्वप न्याय दबु' को विमोचन कार्यक्रम बुधबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले 'ख्वप न्याय दबु' मा प्रकाशित लेखहरू गहन विषयमा आधारित भएको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "समाजमा हरेक नागरिकको कर्तव्य हुन्छ । गलत कामको विरोध गरिएन भने कर्तव्यबाट च्युट भएको मानिन्छ, जुन अपराध ठहरिन्छ ।"

कानुन विषयको महत्त्वमाथि प्रकाश पार्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "हरेक क्षेत्रमा कानुनको ज्ञान भएको मानिस चाहिन्छ । राजनीतिक कार्यकर्ताहरूलाई सबभन्दा बढी कानुनको ज्ञान चाहिन्छ ।"

विद्यालय तथा कलेज तहको पाठ्यक्रममाथि टिप्पणी गर्दै उहाँले पाठ्यक्रम परिवर्तन गर्नुपर्ने र हरेक तहको पाठ्यक्रममा कानुनी ज्ञान दिने विषय समावेश गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"कारागारको जीवन भोगिरहेका धेरैजसो कैदीहरू ऐन, कानुनको अज्ञानताको कारण कैदी हुन बाध्य भएका छन् । नागरिकहरूलाई कानुनको सर्वमान्य सिद्धान्त जानकारी गराउन सके आपराधिक घटनामा कमी आउनेछ", अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

राष्ट्रिय पार्टीको मान्यता पाउनको लागि ३ प्रतिशत मतसीमा तोकिनु अप्रजातान्त्रिक भएकोले उक्त प्रावधानको नेमकिपाले विरोध गरिरहेको उहाँले बताउनुभयो ।

हरेक राजनीतिक पार्टीले कुनै एक वर्गको हितमा प्रतिनिधित्व गर्ने, कुनै सिद्धान्त र विचारलाई मार्गनिर्देशक सिद्धान्त मानी अगाडि बढेजस्तै कामदार जनताको पक्षमा राजनीति गर्दै समाजवादी व्यवस्था हुँदै साम्यवादी समाज स्थापना गर्ने लक्ष्यका साथ नेमकिपा अगाडि बढिरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "उत्पादनका साधनहरू सामाजिकीकरण हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने, शोषणविरूद्धको हक हुने, शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क हुने, ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतनको


**बाँकी पृष्ठ २ मा**



An undertaking of Bhaktapur Municipality

**KHWOPA COLLEGE OF ENGINEERING**

*Affiliated to Tribhuvan University*

**VACANCY ANNOUNCEMENT**

Khwopa College of Engineering invites a few numbers of dynamic, qualified, and competent candidates to join and strengthen our team for the post of assistant lecturer/ lecturer/ senior lecturer

| Department | Subjects |
| --- | --- |
| Science & Humanities | Engineering Mathematics |

**Qualification :**
# M.A./M.Sc. in relevant subject.
# Ph.D in related field and experienced candidates are highly preferred.

**Salary and Benefits :** As per college rules.

Interested candidates are requested to submit their applications along with CV and copies of academic qualifications to the following address or by email within **1st Jestha, 2081 (14th May, 2024).**

Libali, Bhaktapur | Tel.: 5122094, 5122098 | Email : info@khwopa.edu.np | Website : www.khwopa.edu.np

*Only short listed candidates will be informed for the interview.*


## सत्ताको निम्ति दलहरू फुट्नु र जुट्नु गलत

काठमाडौँ, २६ वैशाख । कुनै पनि दल फुट्नु र जुट्नुमा आश्चर्य होइन । दलको सिद्धान्त र विचार नमिलेर या सिद्धान्त र विचारविपरीत काम भयो भने फुट्नु अस्वाभाविक होइन । तर, कुनै दल सत्ता, पद, पैसा र भागबन्डा मिलाउन फुट्यो भने त्यो विचारणीय छ । कति दलहरू दलको उद्देश्य र दलको विधानविपरीत लाग्दा फुटेका छन् । देशमा अधिकांश दल फुट्नुको कारण पद, पैसा र सत्तासित सम्बन्धित छ । यो राम्रो पक्ष होइन । मधेसकेन्द्रित दलहरू फुट्नुको कारण पनि सत्ता या पदसँग जोडिएको पाइन्छ । विगतदेखि हालसम्मको इतिहास हेर्दा देशमा सबभन्दा बढी विभाजित हुने या फुट्ने दलमा मधेसकेन्द्रित दलहरू रहेका छन् । मधेसकेन्द्रित दलले सद्भावना पार्टी, मधेसी जनअधिकार फोरम, तराई मधेस फोरम, तमलोपा, नेपाल समाजवादी पार्टी, जनता समाजवादी पार्टी जे नाम राखे पनि ती दलको उद्देश्य तराईका जनतालाई भऱ्याङ बनाएर सरकारमा पुग्नु नै रहेको देखिन्छ; तराईका जनतालाई उत्पीडित बनाइराख्नु देखिन्छ ।

कुनै दल तराई या अरू कुनै जिल्लामा स्थापना गर्न सकिन्छ । दलको उद्देश्य र विचार व्यापक नेपाली जनताको हितमा हुनुपर्छ । मधेसी जनताको हित या स्वार्थमा मात्र दल खोल्नु सङ्कीर्ण विचार हो; त्यो क्षेत्रीय विचार हो । तराईमा खोलेका दलहरू मधेसकेन्द्रित भयो भन्ने जनगुनासो बढेपछि ती दलका नेताहरूले दलको नाउँ परिवर्तन गरेका हुन् । दलको नाम परिवर्तन गर्दैमा त्यो दल व्यापक जनताप्रति समर्पित हुन्छ या बहुमत जनताको सेवामा लाग्छ भन्ने कुरा भ्रम हो । मधेसकेन्द्रित ती दलका नेताहरू तराईका शोषितपीडित, उत्पीडित तथा मर्कामा परेका जनताको पक्षमा लागेनन् । त्यहाँका जनताले पुस्तौँदेखि खेत जोत्दै आए पनि जग्गामा उनीहरूको कुनै स्वामित्व छैन; उनीहरूलाई मोही हकबाट वञ्चित गरियो । द्वैधस्वामित्वको अन्त्य र कमैया मुक्त घोषणा त्यसको दृष्टान्त हो ।

तराईका शोषितपीडित जनता 'बोक्सी' को नाउँमा प्रताडित छन् । 'बोक्सी' ले दु:ख दियो भन्दै दिसा खुवाउने, गाउँबाट निकाल्ने, आँगनमा बाँधी राख्ने, शारीरिक र मानसिक यातना दिने, अर्धनग्न बनाएर कुटपिट गर्ने काम अहिले पनि रोकेको छैन । जालीफटाहा, जमिनदारहरूकै कारण तराईका शोषितपीडित जनता अनेक मर्कामा छन् । मिटरब्याज पीडित त्यसको दृष्टान्त हो । नक्कली कागज बनाउने, लिइएको ऋण यथार्थभन्दा बढाउने काम पनि तराईमै बढी भएको देखिन्छ । त्यसको अर्थ त्यस्तो काम पहाडी क्षेत्रमा भएको छैन भन्ने होइन । श्रम शोषण पनि तराईमा बढी देखिएको छ । यस हिसाबले त्यहाँ खोलिएका अनेक नामका दलहरू तराई या मधेसी जनताको पक्षमा छैनन्; बरू ती दलका नेताहरू त्यहाँका जनतामाथि शोषण गर्छन्; दमन गर्छन् र दबाउँछन् । शोषक, सामन्त, जालीफटाहा, जमिनदार पुँजीपतिको विरोधमा तराईका जनता उठ्लान् र विरोध गर्लान् भनेर त्यहाँका जमिनदार र जालीफटाहाहरूलाई चिन्ता छ ।

संविधानसभाको निर्वाचनको बेला तराईमा खोलेका दलका नेताहरूले एक मधेस एक प्रदेश माग राखे । एक मधेस नभए देशै नहुने चुनौती दिने, राजधानीलाई नाकाबन्दी गर्ने र तराईका जिल्लाहरू टुक्राउने चेतावनी दिने मधेसी दलका नेताहरू हुन् । यो देशविरोधी नारा या माग हो । उनीहरूको अर्को माग भनेको जन्मको आधारमा विदेशीलाई पनि वंशजको आधारमा नेपाली नागरिकता दिनु हो । जन्मेको आधारमा विदेशीलाई पनि वंशजको आधारमा नेपाली नागरिकता दिएपछि देशको भविष्य के हुन्छ ? अहिले नै विचार गर्ने कि नगर्ने ? नेपाल-भारत खुला सीमा छ । हरेक दिन नेपाल-भारत सीमामा मानिसहरू ओहोरदोहोर भइरहन्छन्; व्यापार व्यवसाय गरिरहेका हुन्छन् । नेपालको सीमामा जोडेका भारतका प्रान्त या जिल्लाहरूमा करोडौँको जनसङ्ख्या छ । अहिले नै लाखौँ भारतीय नागरिकहरू नेपाली बनिसकेको राजनीतिक विश्लेषकहरूको भनाइ छ । कति दलका नेता, सांसद, जनप्रतिनिधि तथा कार्यकर्ताहरूसँग दुइटा नागरिकता छन्, कति उनीहरू भारतीय नागरिक हुन् । भारतीय नागरिकले एकपछि अर्को नेपाली नागरिकता पाएमा के भोलि नेपालीहरू अल्पमतमा पर्दैनन् ? त्यसबेला देशको स्थिति के होला ? के यो चिन्ताको विषय होइन ?


**बाँकी पृष्ठ ८ मा**






**मिठाइ किन्दै सर्वसाधारण**
मातातीर्थ औँसी आमाको मुख हेर्ने दिन भक्तपुर सल्लाघारीस्थित मिठाइ पसलमा मिठाइ किन्दै सर्वसाधारण ।
*तस्बिर : चन्द्रकला क्षेत्री/रासस*

# बुधबार श्रद्धापूर्वक मातातीर्थ औँसी मनाइयो

काठमाडौँ, २६ वैशाख । बुधबार मातातीर्थ औँसी आमाको मुख हेर्ने पर्वको रूपमा जन्मदिने आमाप्रति श्रद्धा, भक्ति र सम्मानका साथ देशभर मनाइयो ।

वैशाख कृष्ण औँसीका दिन मनाइने यो पर्वमा बिहान स्नान गरी शुद्ध भएर आफ्नी आमालाई सुन्दर वस्त्र लगाइदिने तथा मीठा र तागतिला खानेकुरा ख्वाएर आशीर्वाद लिने चलन छ । आमा नभएकाहरू भने आमाको श्राद्ध गरी उहाँको स्मरण गर्दछन् । यसो गरेमा मातृऋणबाट मुक्ति मिल्ने शास्त्रीय मान्यता छ ।

धर्मशास्त्रमा आमाको स्थान परमात्मा भन्दा उच्च मानिएको छ । आमालाई पण्डित, आचार्य र पिताभन्दा पनि महान् मानिएको छ । पितृऋण तिर्न माता, पितालाई जीवित हुँदा सम्मानपूर्वक खुसी राख्ने तथा मृत्युपछि श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने शास्त्रीय विधान छ ।

बुधबार बिहानैदेखि दिवङ्गत आमाको सम्झनामा चन्द्रागिरि नगरपालिका–६ मातातीर्थ कुण्डमा मेला लागेको छ । आमा नहुने नरनारी उक्त कुण्डमा स्नान तथा हरिहर (विष्णु र शिव) को दर्शन र पूजाअर्चना गरिरहेका स्थानीय नवीन न्यौपानेले राससलाई बताउनुभयो । मातातीर्थ कुण्डमा स्नान गरेमा मातृऋणबाट मुक्त हुने जनश्रुति छ ।

मातातीर्थ कुण्ड परिसरमा मङ्गलबार साँझ बत्ती बालेर मातृभक्ति प्रकट गर्दै माताविहीन सन्तान भजनकीर्तन गरेर रातभर जागा रहेका जानकारी दिँदै उहाँले मातातीर्थ संरक्षण तथा विकास संस्थाले मेला व्यवस्थित गर्न विभिन्न समिति गठन गरेको बताउनुभयो ।

**मातातीर्थमा स्नान गर्नेको घुइँचो**

स्थानीय चन्द्रागिरि नगरपालिका–६ स्थित मातातीर्थ कुण्डमा बुधबार बिहानैदेखि स्नान गर्नेको घुइँचो लाग्यो । प्रत्येक वर्ष वैशाख कृष्ण औँसीका दिन दिवङ्गत आमाको सम्झनामा यहाँ मेला लाग्ने गर्छ ।

कुण्ड परिसरमा दिवङ्गत आमाको स्मृतिमा तर्पण दिने तथा श्राद्ध गर्नेको पनि भीड लागेको थियो । कुण्डमा बुधबार माताको श्राद्ध तथा उहाँको सम्झनामा तर्पण एवं दान गरेमा पुण्य हुने विश्वास छ । यसो गरेमा मातृऋणबाट मुक्ति मिल्ने शास्त्रीय मान्यता छ ।

धर्मशास्त्रमा आमाको स्थान परमात्मा भन्दा उच्च मानिएको छ । आमालाई पण्डित, आचार्य र पिताभन्दा पनि महान् मानिएको छ । पितृऋण तिर्न माता, पितालाई जीवित हुँदा सम्मानपूर्वक खुसी राख्ने तथा मृत्युपछि श्रद्धापूर्वक श्राद्ध गर्नुपर्ने शास्त्रीय विधान छ ।

बुधबार विशेषरूपमा आमालाई सुन्दर वस्त्र लगाइदिने तथा मीठा र तागतिला खानेकुरा ख्वाएर आशीर्वाद लिने परम्परा छ । **रासस**

## अर्गानिक तरकारी खेतीमा रमाउँदै थारु महिला

खजुरा (बाँके), २६ वैशाख । अर्गानिक तरकारीको माग बढ्दै गएपछि ग्रामीण क्षेत्रका थारु महिला बिहानै तरकारी लिएर नेपालगञ्ज आउने गरेका छन् । अर्गानिक तरकारीको माग दिनदिनै बढ्दै गएपछि बाँके र बर्दियाका ग्रामीण भेगका थारु महिलाले आफ्नै खेतबारी उत्पादित तरकारीबाट प्रशस्त कमाइ गर्न थालेका हुन् ।

नेपालगञ्ज ल्याएका तरकारी तत्काल बिक्री भई राम्रो आम्दानी हुन थालेपछि उत्पादनतर्फ अधिकांश थारु महिला आकर्षित भइरहेका बाँके खजुरा–४ की रामदुलारी थारुले बताउनुभयो । उहाँले विभिन्न किसिमका तरकारी बिक्री गरेर मासिक रु. १५ देखि रु. २० हजारसम्म आम्दानी गरिरहेको जानकारी दिनुभयो ।

बाँकेको नौबस्तामा घर वरिपरी तरकारी खेती गरिरहेकी बसन्ती थारुले उत्पादित तरकारी एकाबिहानै नेपालगञ्ज ल्याएर बिक्री गर्ने गरेको बताउनुभयो । त्यस्तै, कोहलपुर मैटहवाकी सुनिता चौधरीले घरबाट ताजा तरकारी ल्याएर नेपालगञ्जको पुष्पलाल चोकमा केही समयमै बिक्री हुने गरेको बताउनुभयो ।

**हरेक...**

व्यवस्था हुने, शारीरिक र मानसिक श्रम तथा गाउँ र सहरबिच भेद अन्त्य हुने राज्य व्यवस्था नै साम्यवादी व्यवस्था हो । साम्यवादी समाज एउटा सभ्य र सुसंस्कृत आदर्श समाज हुनेछ, जहाँ वर्ग र शोषणविहीन हुनेछ । हामी त्यसको निम्ति काम गरिरहेका छौँ ।"

निर्वाचन घोषणापत्रअनुसार काम नगर्ने राजनीतिक पार्टीलाई कारबाही हुने व्यवस्था संविधान र कानुनमा उल्लेख गरिए निर्वाचनमा हुने बेथिति केही हदमा भए पनि नियन्त्रण हुने धारणा उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति, कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्वसाधारण जनताका छोराछोरीहरूलाई कम शुल्कमा कानुन विषयमा उच्च शिक्षा प्रदान गर्ने, समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्ने, नयाँ पुस्तालाई एक्काइसौँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्ने देश र समाजप्रति उत्तरदायी कानुनका विद्यार्थी बनाउने, शिक्षालाई उत्पादन श्रमसँग मिलाउने र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्ने उद्देश्यले ख्वप कलेज अफ ल स्थापना भएको बताउनुभयो ।

विद्यार्थी भर्ना चापअनुसार ख्वप कलेज अफ लमा थप कोटा स्वीकृतिको लागि पूर्वाञ्चल विश्वविद्यालयमा निवेदन दिइरहेको जानकारी दिँदै प्रमुख प्रजापतिले कलेजको मागअनुसार पूर्वाञ्चल विश्वविद्यालयले विद्यार्थी कोटा बढाइदिने आशा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "न्यायाधीश नियुक्ति लगत्तै पार्टी कार्यालयमा पुगेर नेताहरूबाट आशीर्वाद लिने न्यायाधीशहरूबाट कसरी न्यायपालिका स्वतन्त्र हुनसक्छ ?; तिनीहरूबाट कसरी निष्पक्ष न्यायको अपेक्षा गर्न सकिन्छ ?"

"संविधान र कानुनका दफाहरूमा न्यायपालिका स्वतन्त्र उल्लेख भए पनि व्यवहारमा जनताले त्यसको अनुभूति गर्न पाएका छैनन् । कानुनमा उल्लेख भएका प्रावधानहरू व्यवहार लागु गर्न विद्यार्थीहरूले अहिलेदेखि नै तुलनात्मक अध्ययन गर्नु खाँचो छ", प्रमुख प्रजापतिले भन्नुभयो ।

देश र जनताको हितमा कानुन बनाउने सांसद प्राज्ञिक थलो हुनुपर्नेमा झगडा गर्ने अखडा भएको प्रसङ्ग उल्लेख गर्दै उहाँले सङ्घीय संसद् र प्रदेशसभामा कानुनका विज्ञहरू पुग्ने परिस्थिति निर्माण भएको देशमा विकृति र विसङ्गति कम भएको बताउनुभयो ।

देशको स्थिति दिनप्रतिदिन बिग्रँदै जानुमा सरकारमा जाने पार्टीहरू नै दोषी रहेको धारणा व्यक्त गर्दै प्रमुख प्रजापतिले विद्यार्थीहरूले आलोचनात्मक दृष्टिकोणको विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

संसदीय सर्वोच्चता वा न्यायिक सर्वोच्चता भन्ने बहस भइरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले संसदीय व्यवस्थामा आफ्नै पार्टीका सांसद वा विपक्षी सांसदहरूको कारण संसद् चल्नै नसक्ने अवस्था आएमा संसद् भङ्ग गर्ने अधिकार प्रधानमन्त्रीमा रहने तर, नेपालमा पटक पटक प्रधानमन्त्रीले संसद भङ्ग गरेकोलाई न्यायपालिकाले पुन:स्थापना मात्र गरेन दिन र घण्टा नै तोकी प्रधानमन्त्रीलाई शपथग्रहण गराउन आदेश दिनुले कतै संसद्को अधिकार न्यायालयमा त पुगेन भन्ने प्रश्न उठ्ने गरेको उहाँले प्रस्ट पार्नुभयो ।

पूर्वाञ्चल विश्वविद्यालय मानविकी तथा कानुन सङ्कायका डीन प्रा.डा. अनिलकुमार पोखरेलले कानुनले अधिकार प्रदान गरे पनि शासकहरूले आफ्नो स्वार्थमा अप्ठेरो पर्नेबित्तिकै जनताको अधिकार कुण्ठित गर्ने गरेको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूलाई सहजरूपमा कानुन पढ्ने वातावरण भए विदेश पढ्न जानेहरूको सङ्ख्यामा कमी आउने बताउँदै नेपालमा अरू विषयको तुलनामा कानुन अध्ययनतर्फ विद्यार्थीहरूको आकर्षण बढिरहेको स्पष्ट पार्नुभयो ।

फौजदारी कानुनका विज्ञ एवं वरिष्ठ अधिवक्ता प्रा.डा. रजितभक्त प्रधानाङ्गले कानुन राम्रोसँग अध्ययन गर्ने हो भने विविधशास्त्र अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले ख्वप कलेज अफ ल राम्रो बनाउन पुस्तकालय राम्रो हुनुपर्नेमा जोड दिँदै भन्नुभयो, "कलेज राम्रो गर्न पुस्तकालय राम्रो हुनुपर्छ । पुस्तकालयमा आकर्षण नभएको विद्यार्थी राम्रो विद्यार्थी हुँदैन ।"

कानुन जनताको हितमा हुनुपर्ने बताउँदै उहाँले जनताको हित नगर्ने कानुन परिमार्जनको विकल्प नहुने बताउनुभयो ।

भक्तपुर जिल्ला अदालतका मुख्य न्यायाशीश बासुदेव न्यौपानेले मानिस जीवित रहँदा मात्रै होइन मरिसकेपछि पनि कानुनद्वारा शोषित हुनुपर्ने बताउँदै शेषपछि बकसपत्र दिएकोमा दिने मान्छे मरेपछि कार्यान्वयनमा आउने स्पष्ट पार्नुभयो ।

संसद्मा मात्रै होइन देशका विभिन्न क्षेत्रमा विकृति भएको उल्लेख गर्दै उहाँले अदालतको काममा जनताले सूक्ष्मरूपमा अध्ययन गरी कमी कमजोरी भए सुधारको लागि आलोचना गरी सहयोग गर्न आग्रह गर्नुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापति र ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले कानुन दिवस मनाउनुको उद्देश्य र औचित्यमाथि प्रकाश पार्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले सहभागी सबैलाई स्वागत गर्दै कलेजमा कोटा थप भए धेरै विद्यार्थीहरूले कानुन पढ्ने अवसर पाउने बताउनुभयो ।

कार्यक्रममा कलेजद्वारा आयोजित निबन्ध प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो भएका विद्यार्थीहरूलाई प्रमुख अतिथि बिजुक्छेँले पुरस्कार वितरण गर्नुभयो भने कलेज सञ्चालक समितिका अध्यक्ष एवं नगर प्रमुख प्रजापतिले अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# जय भिमसेन साकोसमा १० दिने फोटोग्राफी तालिम समापन

भक्तपुर, २६ वैशाख । जय भिमसेन बचत तथा ऋण सहकारी संस्था लि. को बचत तथा व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा वैशाख १५ गतेदेखि २५ सम्म १० दिने फोटोग्राफी तालिम समापन कार्यक्रम मङ्गलबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले इतिहासलाई जीवन्त राख्न फोटोको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै फोटोग्राफी विकास नहुँदा नेपालको इतिहास पनि हराउँदै गएको चर्चा गर्नुभयो ।

हरेक मानिसमा कम्तीमा एक सीप हुनुपर्ने र रोजगारको निम्ति बिदेसिन बाध्य हुन नपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवाहरूको लागि युवा उद्यमशिलता ऋण वार्षिक ६ प्रतिशतमा दिइरहेको जानकारी दिनुभयो । सहकारीले व्यवसायबाट उत्पादितलाई बजारीकरण गर्न भूमिका खेल्नुपर्ने विचार पनि उहाँले राख्नुभयो ।

वरिष्ठ फोटोग्राफी तथा प्रशिक्षक शरद राईले नेपालमा फोटो तथा क्यामेराको इतिहासबारे जानकारी दिनुभयो । भक्तपुर जिल्ला एक फोटोग्राफीको लागि उर्वरभूमि बनाउन सक्ने विचार राख्दै उहाँले भक्तपुर सम्पदाको राजधानी मात्र नभई भक्तपुर फोटोग्राफीको राजधानी बनाउन सक्ने विचार राख्नुभयो ।

संस्थाका अध्यक्ष दशबहादुर मानन्धरले फोटोग्राफी तालिममा प्रशिक्षार्थीहरूको सक्रिय सहभागिताले सञ्चालकलाई थप ऊर्जा दिएको विचार व्यक्त गर्नुभयो ।

निवर्तमान अध्यक्ष रामकाजी शिल्पकारले संस्थाले विगतमा पनि यस्तै तालिमहरू सञ्चालन गर्दै आएको धारणा राख्नुभयो ।

कार्यक्रममा संस्थाका सल्लाहकार पुरुषोत्तम ग्वाछ्छाले फोटोग्राफी तालिमबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन सक्ने विचार राख्नुभयो ।

प्रशिक्षार्थी रोहिनी बखाचो र बलराम ग्वाछ्छाले फोटोग्राफी तालिममा भएका अनुभवहरू सुनाउनुभयो ।

कार्यक्रममा स्वागत सञ्चालक सदस्य रत्नबहादुर शिल्पकारले गर्नुभयो । रत्नप्रसाद शिल्पकारको सभापतित्वमा भएको सो कार्यक्रममा दिनेश सुवालले पनि बोल्नुभएको थियो ।

# सार्वजनिक महत्त्वका विवरण स्वत: प्रकाशन गर्दै काठमाडौँ महानगरपालिका

काठमाडौँ, २६ वैशाख । काठमाडौँ महानगरपालिकाले तथ्याङ्क र सार्वजनिक महत्त्वका विवरण स्वत: प्रकाशन तथा प्रसारण गर्ने भएको छ । नियमन क्षेत्राधिकार अन्तर्गतका प्रतिनिधिहरूलाई बोलाएर सूचना प्रवाह संयन्त्रका विषयसमेत अवगत गराउने कामपाको तयारी रहेको छ ।

कामपाको क्षेत्राधिकारभित्र सामुदायिक तथा संस्थागत विद्यालय, शिक्षण तथा शैक्षिक संस्थाहरू, सहकारी संस्थाहरू र स्वास्थ्य सेवा प्रदायकहरू छन् । कामपाका सूचना अधिकारी वसन्त आचार्यले, २०८० सालमा कामपाले जारी गरेको 'सञ्चार तथा सूचना ऐन' को परिच्छेद ८ मा 'सूचनाको हक कार्यान्वयन गराउने व्यवस्था' भएको जानकारी दिनुभयो । यसमा सार्वजनिक महत्त्वका सूचनाको हकको प्रचलन, संरक्षण संवर्द्धन, स्वत: प्रकाशन, प्रसारण तथा प्रवाहलाई कामपाको दायित्वका रूपमा राखिएको उहाँको भनाइ छ ।

ऐनले विभाग र वडाका प्रमुख वा त्यसपछिको जिम्मेवारीमा रहने अधिकारीलाई सहायक सूचना अधिकारीका रूपमा तोकेको छ । नियमन क्षेत्राधिकारभित्र रहेका सङ्घसंस्थामा सूचना अधिकारी तोक्न लगाउने व्यवस्था गरेको उहाँले बताउनुभयो ।

कामपाको सहप्रवक्ता दीपक अधिकारीले, महानगरपालिकाले प्रणालीमार्फत आफूले दिनुपर्ने सूचना नियमित दिएको, आम सञ्चारमाध्यममा स्वत: प्रकाशन प्रसारण गर्ने गरिएको स्पष्ट पार्नुभयो । सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । सार्वजनिक निकायका व्यक्तिगत वा सार्वजनिक सरोकारका विषयमा नागरिकले सूचना माग गर्न सक्छन् । सूचना माग्ने र पाउने हकभित्र सूचना प्रवाहको हक पनि पर्दछ ।

सूचनाको हकसम्बन्धी नेपालको कानुनले सूचना माग्दा लिखितरूपमा माग्नुपर्ने र तोकिएको समयमा प्राप्त गर्नुपर्ने व्यवस्था छ । सूचना दिने अधिकारीले सूचना नदिए उजुरी गर्न सकिने व्यवस्थासमेत छ । **रासस**

# मानव तस्करीमा संलग्न रहेको अभियोगमा एकजना पक्राउ

काठमाडौँ, २६ वैशाख । प्रहरीले मानव तस्करीमा संलग्न रहेको अभियोगमा एकजनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा कैलालीको गौरीगङ्गा नगरपालिका–२ घर भई हाल ललितपुर महानगरपालिका–७ झम्सिखेल बस्ने ४१ वर्षीय तेजराम चौधरी रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार चौधरीले अमेरिका पठाइदिन्छु भन्दै केही समय ब्राजिलमा गएर काम गर्नुपर्ने र फिलिपिन्स हुँदै जानुपर्छ भनी भन्दै चारजना पीडितबाट पटकपटक गरी रु. एक करोड १८ लाख ५९ हजार रकम लिई सम्पर्कविहीन भएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।

निजले पीडितलाई ब्राजिलको वर्किङ भिसामा लगाई श्रम स्वीकृति समेत निकाली फिलिपिन्स पुऱ्याएकामा त्यहाँको अध्यागमनले नक्कली कागजात भनी फिर्ता पठाएको, पीडितहरू नेपाल फर्केपछि पुन: दिल्ली पुऱ्याई होटलमा बन्धक बनाइएको र पीडितहरूले रु. ३९ लाख बुझाएपछि होटलबाट मुक्त भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रनाम ढकालले जानकारी दिनुभयो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेका चौधरीलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको उहाँले बताउनुभयो । **रासस**

## सङ्क्षिप्त समाचार

## चौबिस दिनमा आगलागी, डढेलो र चट्याङबाट सत्ताइस जनाको मृत्यु

काठमाडौँ, २६ वैशाख । आगलागी, डढेलो र चट्याङबाट वैशाख महिनाको २४ दिनमा २७ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीनकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ देखि २४ गतेसम्ममा उनीहरूको मृत्यु भएको हो । प्राधिकरणले आगलागीबाट १८, डढेलोले छ तथा चट्याङ लागेर तीन जनाले ज्यान गुमाएका तथा ९० जना घाइते भएका प्राधिकरणले बताएको छ ।

यसैबिच, प्राधिकरणले अग्निपीडित परिवारलाई पनि अस्थायी घर बनाउन आर्थिक सहयोग गर्ने कार्यविधि स्वीकृत गरेको जनाएको छ । यसअघि त्यस्तो सुविधा भूकम्पपीडितका लागि मात्र उपलब्ध थियो । ***रासस***

## सञ्चार-ढाँचाबारे अन्तर्राष्ट्रिय सङ्गोष्ठी

काठमाडौँ, २६ वैशाख । काठमाडौँ विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागले 'साधारणीकरण सञ्चार-ढाँचाको दुई दशक' विषयक अन्तर्राष्ट्रिय सङ्गोष्ठी आयोजना गर्ने भएको छ ।

आगामी जेठ १३ गते ललितपुरमा आयोजना हुने सङ्गोष्ठीमा भारतको नयाँदिल्ली दक्षिण एसियाली विश्वविद्यालयका कुलपति प्राध्यापक केके अग्रवाल, संयुक्त राज्य अमेरिकाको हवाई विश्वविद्यालयका प्राध्यापक योशिताका माइकलगायत वक्ता रहनुहुने विभागका प्रमुख डा. निर्मलमणि अधिकारीले जानकारी दिनुभयो । ***रासस***

## वनमा आगो लगाएको अभियोगमा पक्राउ

ओखलढुङ्गा, २६ वैशाख । वनमा आगो लगाएको अभियोगमा दुईजना पक्राउ परेका छन् । सिद्धिचरण नगरपालिका-११ को नगरपार्कमा आगो लगाएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बालिस्टार सिंहका अनुसार सिद्धिचरण नगरपालिका-११ का २६ वर्षीय महेश विक र २३ वर्षीय सुजन विकलाई पक्राउ गरिएको हो । ओखलढुङ्गा जिल्ला अदालतले अभियुक्तहरूलाई हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई चार दिनको म्याद दिएको छ ।

जिल्लाका वनमा आगलागीका घटना बढेसँगै प्रहरीले आगो लगाउनेको खोजी अभियान थालेको प्रहरी निरीक्षक सिंहले बताउनुभयो । गत सोमबार सिद्धिचरण नगरपालिका-१० स्थित एक घरमा आगलागी हुँदा दुईजनाको मृत्यु भएको थियो । ***रासस***

## कालीकोटका किसानलाई गोठालो भत्ता !

मान्म (कालीकोट), २६ वैशाख । जिल्लाको नरहरिनाथ गाउँपालिकाले पशुपालन गर्ने किसानलाई गोठालो भत्ता दिने भएको छ । चालु आर्थिक वर्षको स्वीकृत बजेटअनुसार 'कृषकसँग उपाध्यक्ष कार्यक्रम' बाट पशुपालक किसानलाई गोठालो भत्ताको व्यवस्था गरिएको हो ।

पशुपालन बढाउन गाउँपालिकाले किसानलाई गोठालो भत्ताको व्यवस्था गरेको बताउँदै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेलले पशुपालक किसानलाई मासिक रु. एक हजार प्रदान गरिने जानकारी दिनुभयो ।

गोठालो भत्ता कार्यविधिअनुसार चारवटा भैँसी, ३० वटा बाख्रा र ४० वटाभन्दा बढी भेडा व्यावसायिकरूपमा पाल्ने किसानलाई भत्ता दिइनेछ । युवा तथा बेरोजगारलाई कृषिकर्ममा आकर्षित गर्न कार्यक्रम अघि सारिएको गाउँपालिका प्रवक्ता प्रदीप बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँमा गोठालोलाई हेयका हेरिन्छ । यसले गोठालोको सम्मान गर्नेछ ।"

"नरहरिनाथ गाउँपालिका पशुपालनको प्रचुर सम्भावना छ । यहाँ धेरै भैँसी तथा भेडाबाख्रापालक किसान छन्, उनीहरूलाई पशुपालनमा प्रोत्साहन गर्न भत्ताको व्यवस्था गरिएको हो," उहाँले भन्नुभयो । ***रासस***

## रारा पुग्ने छोटो सडक स्तरोन्नति सुरु

मुगु, २६ वैशाख । रारा ताल जाने पर्यटकीय सडक विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको छ । सडक डिभिजन कार्यालय जुम्लाको आर्थिक तथा प्राविधिक सहयोगमा छायाँनाथ रारा नगरपालिकाको तली तुम गाउँदेखि वडा नं ३ लामाचौरसम्मको सडक विस्तारको काम थालिएको हो ।

जिल्ला सदरमुकाम गमगढीबाट रारा पुग्न पैदल दुई घण्टा र गाडीमा रारा विमानस्थल हुँदै जाँदा ३० मिनेट लाग्छ । गमगढी लामाचौर दूरी छोटो हुने भएकाले सडक विस्तारको काम सुरु गरिएको सडक डिभिजन कार्यालयका इन्जिनियर वीरबहादुर जिटीले बताउनुभयो । उहाँले भन्नुभयो, "रारा तालको पर्यटन विकासमा टेवा पुर्‍याउन यो सडक विस्तार र स्तरोन्नतिको काम अघि बढाइएको हो ।"

विनम्र निर्माण सेवा सुर्खेतले रु. ५५ लाख चार हजार सात सय ७५ मा सडक विस्तारको ठेक्का लिएको छ । २०८१ असार मसान्तसम्म निर्माण सम्पन्न गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख छ । पर्यटकीय मार्गको विस्तारको काम धमाधम भइरहेको छ । तीन किलोमिटर लम्बाइ रहेको उक्त पर्यटकीय सडकमा १.५ किलोमिटर दूरी चार मिटर चौडाइको ग्राभेल र चार सय ५० घनमिटर ग्याबिन जाली र २.५ किलोमिटर सडक चौडा पारिने सडक डिभिजन कार्यालय जुम्लाले जनाएको छ । रारा पर्यटकीय मार्गको विस्तारको काम सम्पन्न भएमा गमगढीवासीका साथै कर्णाली करिडोर र कर्णाली राजमार्ग हुँदै मुगु जिल्ला सदरमुकाम गमगढी आउने आन्तरिक तथा बाह्य पर्यटकलाई राराताल पुग्न १० मिनेट मात्र लाग्ने छ । ***रासस***



चैते धान रोप्दै किसान
प्युठानको स्वर्गद्वारी नगरपालिकाको उपल्लो भिङ्ग्रीमा चैते धान रोप्दै किसान । पछिल्लो समय प्युठान जिल्लामा चैते धानप्रति आकर्षण बढ्दो छ ।
*तस्बिर : केशर सुनार/रासस*

# सामुदायिक विद्यालयमा व्यवस्थापनकै समस्या

**- दीपक बोहरा**

तुलसीपुर, २६ वैशाख । दाङको राप्ती गाउँपालिका-५ पहरूवास्थित बालकल्याण आधारभूत विद्यालयको कक्षा ७ को बोर्ड (कालोपाटी) फुटेको तीन वर्ष भयो । १२ वर्षअघि खरिद गरेको त्यो बोर्ड फुटेको तीन वर्ष हुँदा पनि नयाँ ल्याइएको छैन । त्यही पुरानै बोर्डमा कक्षा सञ्चालन भइरहेको छ । कक्षा ८ सम्म सञ्चालित उक्त विद्यालयमा एक सय ५५ विद्यार्थी छन् ।

सोही पालिकाको वडा नं. ४ स्थित जनज्योति आधारभूत विद्यालय नयाँ गाउँमा एउटै कक्षामा कम्प्युटर ल्याब र सोही कोठामा शिक्षकहरू बस्ने कोठा छ । यसले गर्दा विद्यार्थीहरूलाई पठनपाठनमा समस्या भएको छ । कक्षा ८ सम्म सञ्चालित यस विद्यालयमा दुई सय ४६ विद्यार्थी अध्ययनरत छन् ।

राप्ती गाउँपालिका-८ पिपरीस्थित शङ्कर मावि पिपरीमा पनि समस्या उस्तै छन् । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयका प्रत्येक कोठा फोहर छन् । कोठामा धुलैधुलो छ । त्यही धुलोमा विद्यार्थीहरू बसिरहेका हुन्छन् । यहाँ पाँच सय २५ विद्यार्थी छन् । राप्ती गाउँपालिका-१ भलावाङ स्थित नेपाल राष्ट्रिय माविमा शौचालयमा पानी छैन । शौचालय दुर्गन्धले जानसक्ने अवस्था छैन । निर्माण भएको शौचालयको ढोका फुटेको छ । विद्यालयअगाडि राखिएको झन्डा च्यातिएर लत्रिएको अवस्थामा छ । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयमा चार सय बढी विद्यार्थी छन् ।

यी त, दाङ राप्ती गाउँपालिकाभित्र रहेका केही सामुदायिक विद्यालयमा देखिएका बेथिति हुन् । अधिकांश सरकारी विद्यालयको समस्या उस्तै देखिन्छ । विद्यार्थी भर्नादर बढिरहे पनि विद्यालयले आफ्नो स-साना कुरा सुधारमा खासै ध्यान दिएको पाइँदैन तर पनि सामुदायिक विद्यालयमा विद्यार्थीको भर्ना दर भने केही वर्षयता बढिरहेको छ । राप्ती-१ स्थित नेपाल राष्ट्रिय माविमा एक सयभन्दा बढी नयाँ विद्यार्थी भर्ना भएका छन् । यस विद्यालयमा गएको वर्ष तीन सय विद्यार्थी थिए ।

त्यस्तै, सर्वोदय माविमा यस वर्ष मात्रै दुई सय बढी नयाँ विद्यार्थी थपिएका छन् भने जनज्योति आधारभूत विद्यालयमा ५० बढी नयाँ विद्यार्थी थपिएका छन् । सामुदायिक विद्यालयप्रति विद्यार्थीको विश्वास घटेको छैन । दक्ष शिक्षक र सुरक्षित कक्षा कोठाजस्ता कुराले सामुदायिक विद्यालयहरू निजीभन्दा राम्रा छन् । स-साना कुराहरूलाई सुधार गरे सामुदायिक विद्यालयमा आकर्षण बढ्ने स्वयं विद्यालयका प्रधानाध्यापकहरू बताउँछन् । राष्ट्रिय माविका प्रधानाध्यापक लोकेन्द्र केसीले भन्नुभयो, "पछिल्लो समय जति नयाँ भर्ना भइरहेका छन्, तीमध्ये अधिकांश विद्यार्थी निजी विद्यालयबाट आएका छन् । हामीले सामान्य कुरामा सुधार गर्दै गर्‍यौँ भने सामुदायिक विद्यालयमा विद्यार्थी दर अझै बढ्ने देखिन्छ ।"

अधिकांश सामुदायिक विद्यालयमा ठुला-ठुला भवन पनि छन् । शौचालय, खानेपानीसहित आधारभूत कुराहरू पूरा भए पनि ती कुराको सही सदुपयोग हुन सकेको छैन । विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकहरू एकजुट भएर लागेमा विद्यालय सफल हुने प्रधानाध्यापकहरूको धारणा छ । जनज्योति आधारभूत विद्यालयका प्रअ कुलराज जैसीले भन्नुभयो, "विद्यालय व्यवस्थापन समितिले योजना बनाउने, प्रअसहित शिक्षकहरूले कार्यान्वयन गर्नुपर्छ । त्यति गरेमा सामुदायिक विद्यालयको अवस्था सुधार हुन्छ ।" शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि भवन मात्रै महत्त्वपूर्ण कुरा नभई व्यवस्थापनको पाटो पनि महत्त्वपूर्ण हुने उहाँको भनाइ छ ।

दाङकै नमूनामध्येको एउटा विद्यालय हो-राप्ती गाउँपालिका-२ लालमटियास्थित आदर्श नमूना मावि । यहाँ दुई हजार दुई सय विद्यार्थी छन् । कक्षा १२ सम्म सञ्चालित उक्त विद्यालयमा चालु शैक्षिक सत्रमा मात्रै प्रत्येक कक्षामा ५० जना भन्दा बढी विद्यार्थी थपिएका छन् । ती सबै नजिकैको निजी विद्यालयबाट आएको प्रधानाध्यापक किरण पोखेलले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले धेरै विद्यार्थी नयाँ थपिएका छन्, यो वर्षमात्रै प्रत्येक कक्षामा ५० जनाभन्दा बढी विद्यार्थी थपिएका छन् । यो सामुदायिक विद्यालयका लागि सकारात्मक पक्ष हो ।"

यस विद्यालयमा अहिले अङ्ग्रेजी र नेपाली दुवै माध्यममा पढाइ हुन्छ । यसले गर्दा पनि विद्यार्थीको आकर्षण बढिरहेको उहाँको भनाइ छ । अङ्ग्रेजी माध्यममा प्रत्येक कक्षामा तीन वटासम्म सेक्सन रहेका छन् भने नेपाली माध्यममा दुईवटा सेक्सन रहेका छन् । प्रत्येक कक्षामा ५० जनासम्म विद्यार्थी राखिएको प्रअ पोखेलले बताउनुभयो । व्यवस्थापन राम्रो भएमा सामुदायिक विद्यालय निजीभन्दा अब्बल हुन सक्छन्, भन्ने उदाहरण दिन सकिने उहाँको भनाइ छ । "हाम्रो लगावको कुरा हो, उचित व्यवस्थापनको कुरा हो, अभिभावक र विद्यार्थीको पनि सहयोगको कुरा हो," यी कुरा भएमा सामुदायिक विद्यालय पनि राम्रोसँग चल्न सक्छन् ।" कुनै पनि कक्षा खाली नगर्ने र विद्यार्थीलाई खेल्ने उचित वातावरण बनाउने हो भने विद्यार्थीको सङ्ख्या बढ्ने उहाँको भनाइ छ ।

यस विद्यालयमा कक्षा ९ देखि १२ सम्म सूचना प्रविधि (आइटी) विषय पनि पढाइ हुन्छ । त्यसले पनि विद्यार्थीको आकर्षण बढेको छ । सोही विद्यालयमा निजी स्रोतबाट विद्यालयले प्राविधिक शिक्षासहित ३० जना शिक्षक राखेको छ भने १७ जनाको स्थायी दरबन्दी छ । त्यस्तै राप्ती गाउँपालिकाले १९ जना शिक्षक उपलब्ध गराएको छ ।

सामुदायिक विद्यालयले सुधारका कार्य पनि गरिरहेका छन् । विद्यालयमा किताबी ज्ञान मात्रै होइन, व्यावहारिक र बिक्ने शिक्षा आजको आवश्यकता हो । विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्न राप्ती-५ पहरूवास्थित बालकल्याण आधारभूत विद्यालय शिशु कक्षासँगै नर्सरी कक्षा पनि चलाएको छ । विद्यार्थीको हेरचाह गर्नका लागि पालैपालो बिहान ९ बजे एकजना शिक्षक आउने व्यवस्था पनि मिलाउने तयारी गरेको छ । यसले विद्यार्थीको सुरक्षामा सहज हुने प्रधानाध्यापक कालुसिंह थापाले बताउनुभयो ।

त्यस्तै, सर्वोदय मावि सिसहनियाले पढाइलाई प्रविधिमैत्री बनाउन थालेको छ । विद्यालयमा अहिले तीनवटा प्रोजेक्टर छन् भने सातवटा ल्यापटप छन् । त्यसबाट पठनपाठन गराइरहेको प्रधानाध्यापक गोविन्दबहादुर केसीले बताउनुभयो । भवन बन्नुमात्रै शैक्षिक गुणस्तरको सूचक नभएको बृहत् राष्ट्रिय शिक्षा अभियानका संयोजक अभिषेक घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयका भवन ठुला-ठुला छन् तर निजी विद्यालयका जस्तापाताले छाएका हुन्छन्, त्यहाँको बढाई राम्रो थियो । त्यसैले भवन बन्नेमात्रै भन्दा पनि स-साना कुरामा व्यवस्थापन गरे सामुदायिक विद्यालयको शैक्षिकस्तर धेरै माथि उठ्छ ।"

सामुदायिक विद्यालयमा दक्ष शिक्षक रहेको भन्दै ती शिक्षकले आफ्नो जिम्मेवारी राम्रोसँग पूरा गरे शैक्षिकस्तर धेरै माथि उठ्ने बताउनुभयो । धेरै ठुला समस्या छैनन्, स-साना कुराहरूलाई ख्याल गरे सुधार हुने देखिन्छ । अहिले पनि सामुदायिक विद्यालयहरूमा जाँदा धेरै कक्षाहरू खाली रहने गरेको भन्दै सबै कक्षामा पढाइ हुने अवस्था रहेमा मात्रै पनि धेरै कुरा सुधार हुने उहाँको भनाइ छ । धेरै सामुदायिक विद्यालयमा प्रअको नेतृत्व क्षमतामा नै समस्या देखिएको भन्दै प्रअ सक्रिय रहेमा विद्यालय सुधार हुने उहाँले बताउनुभयो ।

दाङको राप्ती गाउँपालिकाले विद्यालयमा देखिएका समस्या पहिचान गरी त्यसलाई सुधार गर्ने अभियानमा लागेको पालिका अध्यक्ष प्रकाश विष्टले बताउनुभयो । विद्यालय शिक्षाको गुणस्तरमा पालिकाले विशेष जोड दिएको बताउँदै उहाँले भन्नुभयो, "अबको केही समयमा शिक्षक दरबन्दी मिलान गर्ने तयारीमा छौँ । त्यसपछि जुन विद्यालयमा जे समस्या देखिन्छ, ती समस्या समाधान गर्ने अभियानमा छौँ ।"

अहिले पालिकाका जनप्रतिनिधि, सामुदायिक विद्यालयका शिक्षकलगायतले सामुदायिक विद्यालयमै आफ्ना सन्तान पढाउन सुरु गरेका छन् । बिस्तारै सर्वसाधारणमा पनि अब आफ्ना बालबालिकालाई सामुदायिक विद्यालय नै पढाउनुपर्दछ, यसका लागि आफूहरूले पनि ती विद्यालयको भौतिक, अध्ययन गर्ने वातावरण सुधारमा ध्यान दिनुपर्छ भन्ने भावनाको विकास भएको उहाँको भनाइ छ । राप्ती गाउँपालिकामा २७ वटा सामुदायिक विद्यालय छन् । ***रासस***

## हुम्लामा खडेरी, खेतमै सुक्यो बाली

सिमकोट (हुम्ला), २६ वैशाख । हुम्ला अहिले खडेरीको चपेटामा परेको छ । खडेरीले बरगाउँ, ठेहे, लिमाटङ, तोर्पालगायत गाउँका खेतबारीमा पाक्न लागेको उवा, गहुँ सुकेको छ ।

सुक्खाले बाली बिग्रेको गुनासो सिमकोट गाउँपालिका-१, २, ३ र ४ का किसानले गरेका छन् । पानी वैकल्पिक व्यवस्था नहुँदा उनीहरू कसरी अर्को बाली लगाउने र परिवारको भरणपोषण गर्ने भनेर चिन्तित भएका छन् । हिउँदमा हिउँ पर्दा सुविकाल हुने हिउँ नपर्दा अनिकाल हुने सिमकोट गाउँपालिका-३ का गाजीमा लामा बताउनुहुन्छ । यस वर्ष हिउँ नपर्दा भोकमरीको अवस्था आएको उहाँले बताउनुभयो । चैतमा कोदो र वैशाख पहिलो साता चिनो छर्नुपर्नेमा पानी नपर्दा खेती गर्न नपाएको लामाले बताउनुभयो ।

पानी नपर्दा खेतबारीमा लगाउने खुर्सानी, मकै, फर्सीलगायत अन्य तरकारी लगाउन नपाएको सिमकोट गाउँपालिका-२ ठेहेगाउँका किसान गौगोरा बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "आठ-दस वर्षअगाडि यसरी खेतबारी सुक्खा हुँदैनथे तर यो हिउँदमा हिउँ र बर्खामा पानी नपर्दा समस्या भएको छ ।" ***रासस***

। सम्पादकीय ।

# बेतिथि अन्त्य गर्न सरकारको पहल आवश्यक

शोषण, भ्रष्टाचार, अनियमितता, कमिसन र कालाबजारियामा अडेको वा टिकेको नेपाल बेथिति नै बेथिति भएको देश बनेको छ । प्रजातन्त्रको लामो इतिहास बोकेको नेपाली काङ्ग्रेसको नेतृत्वमा पटकपटक सरकार बन्यो । आफूलाई कम्युनिस्ट भनिने एमाले, माओवादीका नेताहरूले पनि पालैपालो सरकारको नेतृत्व गरे । देशमा देखिएको बेथिति रोकिएन । हरेक दिनझैँ सञ्चारमाध्यमहरूमा बेथितिका खबरहरू आइरहे । बेथितिका खबरहरू सत्तासीन दलका नेता, मन्त्री र सांसदहरूले सुनिरहे । तर, बेथिति अन्त्य गर्नेतर्फ ती नेताहरूको ध्यान गएन । सरकारको नेतृत्व गर्न होडबाजी गर्ने, सरकारमा सहभागी हुन दल फुटाउन पछि नपर्ने सत्तासीन दलका नेताहरू देश र जनताप्रति समर्पित भएनन्; समर्पित भएर राजनीति गरेनन्; दलको सिद्धान्त र विचारअनुसार काम गरेनन्; नीति नियम बनाएनन् । परिणामत: देश बेथिति नै बेथितिको देश बन्यो र यसको कारण देश गरिब बन्यो, शासकहरू धनी भए । के सरकारको नेतृत्व गर्नु भनेको कुर्सी सम्हाल्नु मात्र हो ? कुर्सीमा बसेर देशको राजस्वमा रजाइँ गर्नु हो ? के देश र जनताको समस्या समाधान गर्न सरकारको नेतृत्व गर्ने दलहरूको कुनै जिम्मेवारी छैन ? सत्ताको निम्ति भागबन्डामा अल्झिरहनु नै सत्तासीन दलका नेताहरूको कर्तव्य हो ? के पार्टी खोल्नुको उद्देश्य र कारण पद र पैसाको निम्ति हो ?

वैशाख २६ को नयाँ पत्रिकामा '१५६ प्रतिशतले बढ्यो वैदेशिक रोजगार ठगी' शीर्षकको समाचार छापियो । वैदेशिक रोजगार विभागका प्रवक्ता कविराज उप्रेतीले भने, "वैदेशिक रोजगारीको क्रममा ठगिनेको सङ्ख्या डरलाग्दो छ । पछिल्लो वर्ष ठगिएको रकमको परिमाण रु. एक अर्ब नाघेको छ ।" यो त दर्ता भएको आधारमा देखिएको परिणाम हो । दर्ता नभएको यस्तो ठगेको दृष्टान्त कति छ कति ! ठगीका यस्ता जाहेरी काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको तथ्याङ्कअनुसार दाबी गरिएको रकमको परिमाण ५४ करोड ४० लाख दुई सय ९० रूपैयाँ छ । यो तथ्याङ्क चालु आर्थिक वर्षको चैतसम्मको हो । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता रवीन्द्र रेग्मीले भने, "वैदेशिक रोजगारीको क्रममा हुने ठगी भयावह छ । दैनिक १५ देखि १५ वटा जाहेर दर्ता हुन्छ ।" तर, पीडितले न्याय पाएका छैनन् । कति अपराधीहरू कानुनको अभाव भनी छोड्छन् । ठगीमा संलग्न हुनेहरू ऐनको फाइदा उठाउँदै सजिलै उम्कन्छन् । कति कारबाहीमा पर्छ तर अभियुक्तहरूको नाममा सम्पत्ति हुँदैन । वैशाख २६ गतेको गोरखापत्रमा 'सहकारीको बेथिति : समस्या सातै प्रदेशमा' शीर्षकको समाचार छापियो । समाचारमा सातै प्रदेशमा दर्ता भएका सयौँ सहकारी सञ्चालकले कमजोर आर्थिक अवस्था रहेको हजारौँ नागरिकको बचत अपचलन गरेर फरार भएको उल्लेख छ । सङ्घीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको काम के ? के बचतकर्ताहरूको समस्या मन्त्रालयले टुलुटुलु मात्र हेरेर बस्ने हो ? सरकारको काम सहकारीलाई समस्याग्रस्त घोषणा गरेर सञ्चालकको सम्पत्ति रोक्का गर्नु मात्र होइन; पीडितहरूको रकम फिर्ता गराउनुपर्छ; फिर्ता गराउन पहल गर्नुपर्छ । नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक नेसनल पेमेन्ट गेटवे खरिद प्रकरणमा दोषी ठहर भए । विशेष अदालतले उनलाई नौ वर्ष कैद सजाय सुनायो । गेटवे खरिदमा आवश्यक प्रक्रिया पूरा नगरी भुक्तानीको अभियोग अख्तियार दुरूपयोग अनुसन्धान आयोगको थियो ।

सोही दिनको 'राजधानी' दैनिकमा छापियो, 'संसदीय छानबिन समिति नाममा किन तर्सिरहेछन् गृहमन्त्री लामिछाने ?' सहकारीको बचत अनियमितता प्रकरणमा गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन समिति गठन गर्ने नेकाको मागको सन्दर्भमा रास्वपाको निष्कर्ष थियो, "सत्ता गठबन्धन भत्काउन काङ्ग्रेसले संसदीय छानबिन समितिको माग गऱ्यो ।" नागरिक दैनिकमा लेखियो, 'यो लाजनीति कहिलेसम्म ?' वर्षौँदेखि जोत्दै आएको जग्गामा किसानको हक लाग्दैनथ्यो । शासकहरूले जोत्दै आएको जग्गामा कृषकको हक कायम होला भनेरै मोहीको हक कायम नगर्दै द्वैधस्वामित्वको अन्त्य गरे; जोत्दै आएको जग्गाबाट वञ्चित गराउन कमैयामुक्त घोषणा गरे; त्यसमा अन्य ठुला दलका नेताहरूले समर्थन गरे । अन्न फलाउने कृषकको जग्गा छैन । जग्गा नदिई निकालेपछि के कृषक र कमैयाहरूको जीवन कष्टकर हुँदैन ? दु:खको आँसु र पीडा खाएर उनीहरूको जीवन बितिरहेको छ । 'टुटफुटको राजनीतिमै अल्झेको मधेस' शीर्षकको अन्नपूर्ण पोस्टमा छापिएको समाचारमा लेखियो, मधेसवादी पार्टी टुक्राटुक्रामा विभाजित हुनुको पछाडि व्यक्तिगत स्वार्थ रहेको छ । मधेसवादी दलका नेताहरूले व्यक्तिगत लाभ र हानिलाई सत्ताको भर्याङ्ग बनाए । सत्ताकै कारण मधेसवादी दलहरू विभाजित भए । मधेसवादी दलबिचको विभाजन दलको सिद्धान्त, आस्था र विचार होइन । उपर्युक्त दृष्टान्तले हालसम्मका सत्तासीन दलका नेताहरू सत्तामुखी देखिए, सत्ता, पद र पैसाको निम्ति राजनीतिमा लागे; सत्तामुखी नेता, मन्त्री र सांसदहरू मौकामा हीरा फोर्नुपर्छ भन्दै सम्पत्ति कमाउन लागे, अनियमित काममा सरिक भए । शासकहरू नै गलत या आपराधिक काममा लागेपछि उनीहरूले अरु भ्रष्टाचारी, कमिसनखोर र अपराधीहरूलाई कसरी कारबाही गर्लान् ? यो नै पुँजीवादी व्यवस्थाको समस्या हो ।

# लगानी सम्मेलन र अर्थतन्त्रमा त्यसको प्रभाव

✍ विवेक

नेपाल सरकारले वैशाख १६ र १७ गते ठूलो तामझामका साथ तेस्रो लगानी सम्मेलन सम्पन्न गऱ्यो । ८०० सय विदेशी र स्वदेशीसमेत गरी २५०० व्यक्तिहरूको सहभागिता रहेको भनिएको उक्त सम्मेलनमा सरकारले सोचेअनुसार लगानी प्रतिबद्धता नआएको भनी कतिपयले निराशा व्यक्त गरिरहेका छन् । विदेशी लगानी भित्र्याएर देश विकास गर्ने भनी सन् २०१७ मा पहिलो र सन् २०१९ मा दोस्रो लगानी सम्मेलन तत्कालीन सरकारहरूले सम्पन्न गरेका थिए । पहिलो लगानी सम्मेलनमा रु. १४ खर्बको प्रतिबद्धता आएकोमा १४ प्रतिशत र दोस्रो लगानी सम्मेलनमा १५ खर्ब लगानी प्रतिबद्धता आएकोमा ७ प्रतिशत मात्रै लगानी भित्रिएको बताइन्छ । तेस्रो सम्मेलनमा त झन् विदेशीहरू त्यति धेरै लगानीतर्फ आकर्षित नै नभएको सम्मेलनपछि सहभागीहरूबाट व्यक्त प्रतिक्रियाबाट बुझ्न सकिन्छ ।

पुँजीवादी अर्थशास्त्रीहरू विदेशी लगानी भित्रिएमा देश तुरुन्त चीन, भारत, मलेसिया, जापान, दक्षिण कोरिया, सिङ्गापुरजस्तै अर्थतन्त्रले फड्को मार्ने दाबी गर्छन् । उनीहरू नवउदारवाद पुँजीवादको आक्रामक रूप हो भन्ने कुरालाई छोपेर लगानी सम्मेलनको औचित्यता पुष्टि गर्न खोज्दै छन् र नवउदारवादी नीतिलाई नै विकासको उत्तम विकल्पको रूपमा व्याख्या गर्दै छन् । त्यो सरासर झूट हो । यो साम्राज्यवादीहरूको स्वार्थमा गरिएको तर्क मात्र हो । यो देशको अर्थतन्त्र साम्राज्यवादीहरूको हातमा सुम्पने षड्यन्त्र हो ।

लगानी सम्मेलनमा आएको प्रतिबद्धता हेर्दा अब पर्यटन क्षेत्रको फाइदा जति विदेशीको हातमा जाने सम्भावना देखिएको छ । कपिलवस्तुको गोरुसिङ्गेमा २२ बिघा जग्गामा रु. २ अर्ब खर्च गरेर सुविधासम्पन्न होटल खोल्ने सम्झौता, मुगुको रारातालमा ८० रोपनी जग्गामा १ अर्ब १० करोड लगानीमा सुविधासम्पन्न होटल खोल्न रारा होल्डिङ रिसोर्ट र अस्ट्रेलियाको अक्सपोर्ड ग्रुपसँग सम्झौता भएको तथा निजगढ विमानस्थल निर्माणको लागि जापानी बैङ्कले चासो देखाएको भन्नेसम्म उल्लेख छ । उक्त विमानस्थल निर्माणको लागि ८ खर्ब ७३ अर्ब लाग्ने अनुमान गरिएको छ । विदेशीलाई आकर्षित गर्नकै लागि निजगढ विमानस्थल बनाउनेलाई नै त्रिभुवन विमानस्थलको जिम्मेवारी दिने प्रस्तावसमेत सरकारले अगाडि बढाएको छ । (१८ वैशाख, कारोबार)

नेपालमा विदेशी लगानी भित्रिएमा राजस्वमा वृद्धि हुने, रोजगारी सिर्जना हुने र नेपालीको आर्थिक स्तर माथि उठ्ने दाबी गरिएको छ । देशका कलकारखाना जति कौडीको मूल्यमा निजीकरण गरेर युवा जतिलाई विदेशी भूमिमा रगत र पसिना बगाउन पठाउने हाम्रा शासक दलका नेताहरूले बुझ्नुपर्छ विदेशी लगानीले नेपालको स्रोत र साधनमाथि विदेशीले कब्जा जमाउने र प्राकृतिक स्रोतसाधनबाट अकुत सम्पत्ति आर्जन गर्ने हो । लामो समयसम्म उठ्नै नसक्ने गरी नेपाल ऋण पासोमा फस्ने र पुँजीको माध्यमबाट नेपाललाई शोषण र शासन गर्ने हो । विदेशीको आवश्यकता र चाहनाअनुसार देशको ऐन, कानुनहरू अध्यादेशबाट संशोधन गर्ने सरकार कसरी नेपाली जनताको सरकार हुनसक्छ ?

भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र कास्कीमा पोखरा विमानस्थल निर्माण सम्पन्न भएको वर्षौं भइसक्दा पनि सञ्चालनमा आउन सकेका छैनन् । त्रिभुवन विमानस्थलको विकल्प भनेर बनाइएका ती विमानस्थलहरू निर्माण सम्पन्नपछि पर्यटन क्षेत्रमा विकास हुने धेरैले आशा गरेका थिए र विमानस्थल वरिपरि अरबौं लगानी गरेर व्यवसायीहरूले होटलहरू पनि निर्माण गरे । अहिले ती व्यवसायीहरू सङ्कटमा छन् । भारतले ती विमानस्थलको लागि रुट अनुमति नदिएको कारण त्यहाँ विमानहरूले उडान भर्न नसकेको बताइन्छ । ती दुईवटा विमान स्थल निर्माणका लागि विदेशी बैङ्कहरूबाट राज्यले ५० औं अर्ब ऋण लिएको छ । ती विमान स्थलहरू देशकै लागि 'सेतो हात्ती' बनिरहेका छन् । यस्तो अवस्थामा झण्डै पौने ९ खर्ब (८ खर्ब ७३ अर्ब) लागतमा निजगढ विमानस्थल अगाडि बढाउन खोज्नु देशलाई ऋण पासोमा फसाउने षड्यन्त्रबाहेक केही हुनसक्दैन । विदेशी लगानीमा विमानस्थल बने पनि त्यसको सम्पूर्ण फाइदा भने विदेशीहरूले नै लिनेछन् । हवाईजहाजहरू विदेशी र होटलहरू विदेशी छन् भने त्यस्तो अवस्थामा पर्यटनबाट नेपालले कसरी फाइदा उठाउन सकिन्छ ?

नेपाली बैङ्कहरूमा लगानी योग्य रकम साढे ६ खर्ब थन्किएर बसेको छ । त्यत्तिकै रकम ३३ हजारभन्दा बढी सहकारीमा छन् । सरकारले राम्रो योजना बनाई त्यो पुँजी प्रयोगमा ल्याउन सके त्यसबाट नेपाली जनतालाई रोजगारीसँगै नाफासमेत नेपालभित्रै रहनेछन् । यसले देशको आर्थिक विकासमा मद्दत पुऱ्याउनेछ ।

विदेशी लगानीकर्ताहरूलाई सहज बनाउन लगानी सम्मेलनकै क्रममा नेपाल सरकारले ८ वटा कानुनहरू अध्यादेशमार्फत संशोधन गऱ्यो । ५० करोडसम्म लगानी गर्नेहरूले अब उद्योग विभागमा जान नपर्ने गरी इमेलमार्फत दर्ता गर्न सक्ने र उद्योगका नाउँमा रहेका हदबन्दीभन्दा बढी भएको जग्गा एक पटकको लागि बिक्री गर्ने सुविधा प्रदान गर्ने र राष्ट्रिय निकुञ्ज, आरक्षण केन्द्रजस्ता ठाउँहरूमा राष्ट्रिय गौरवका आयोजनाहरू सञ्चालन गर्न सक्नेलगायत कानुनमा संशोधन गरिएको छ ।

संसद् विधेयक निर्माण गर्ने प्रमुख थलो हो । चालु संसद् अधिवेशन बन्द गरेर सरकारले अध्यादेशबाट कानुनहरू संशोधन गर्नु गलत हो । विधेयकमाथि सांसदहरूलाई समेत छलफल गर्ने अवसरबाट वञ्चित गरी अध्यादेशबाट कानुनहरू संशोधन गर्नुले संसदको गरिमा र औचित्यमाथि नै प्रश्न उठेको छ । अध्यादेश जारी पछि नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष चन्द्रप्रकाश ढकालले भने, "सम्मेलनले नेपालमा लगानीको अवसर रहेको र राम्रो मुनाफा दिन सक्छ भन्ने सन्देश लगानीकर्तालाई दिएको छ ।" यसबाट पनि सरकार विदेशीलाई नाफाको सुनिश्चितताको लागि कानुन संशोधन गरेको भन्ने पुष्टि हुन्छ ।

सीमित पुँजीपतिवर्ग र विदेशी पुँजीपतिवर्गका स्वार्थका लागि रातारात कानुन संशोधन गर्ने हाम्रा शासक दलहरू जनताको लागि अति आवश्यक कानुनहरू निर्माण र संशोधन गर्नमा भने उदासीन छन् । निजामती कर्मचारीसम्बन्धी विधेयक, प्रहरी समायोजन विधेयक, शिक्षा विधेयकलगायत थुप्रै महत्त्वपूर्ण विधेयकहरू संसद्मा विचाराधीन छन् भने खवप विश्वविद्यालय विधेयक संसद्मै पेस भएको छैन ।

### के हो लगानी बोर्ड ऐन ?

लगानी बोर्ड विधेयक संसद्मा पेस भएको बेला त्यसको दीर्घकालीन असर पर्ने सम्भावनालाई ध्यान दिएर नेपाल मजदुर किसान पार्टीका सांसदहरूले संसद्मा विरोध गर्नुभएको थियो । नेमकिपाको विरोधकै कारण उक्त विधेयक संसद्बाट पारित हुन ढिलो भएको थियो । नेमकिपाका सांसदहरूको तर्क थियो – विधेयक पारित भएमा नेपालमा विदेशी लगानीको नाउँमा साम्राज्यवादीहरू छाडा साँढेझैँ पस्ने र देशको अर्थतन्त्र विदेशीको कब्जामा जानेछ । नेपाल साम्राज्यवादीहरूको उपनिवेश बन्नेछ । २०६८ साउन ३० गते उक्त विधेयक पारित भएको थियो । विधेयकको पक्षमा मतदान गर्न नेका, माओवादी र एमालेले ह्वीप नै जारी गर्नुपरेको थियो । १२ वर्षपछि अहिले पाइला पाइला गरी विदेशी लगानीको नाउँमा देशको सबै क्षेत्र विदेशीको नियन्त्रणमा जाँदै छ ।

लगानी बोर्ड ऐनको मुख्य उद्देश्य नै विदेशी निजी लगानीलाई समेत नेपाली लगानीकर्ता सरह सुविधा दिई भित्र्याउनु हो । विदेशी ठुला पुँजी लगानी गर्नेहरू नेपालमा प्रवेश गरेपछि नेपालका व्यवसायीहरू नाङ्ले पसलेमा झर्ने वा व्यवसायबाट विस्थापित हुनुपर्ने अवस्था आउने निश्चित छ । अब विस्तारै ती दृश्यहरू पनि देखापर्दै छन् ।

खानेपानी उत्पादन, प्रशोधन र वितरण, फोहरमैला व्यवस्थापन, रासायनिक मल कारखाना स्थापना, बैङ्क तथा वित्तीय संस्था, मेडिकल कलेज, ३०० शय्याभन्दा माथिको अस्पताल, ५०० मे.वा. वा सोभन्दा ठुलो जलविद्युत् योजना, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, सुरुङ मार्ग, रेलमार्गलगायतमा लगानी गर्न ऐनले विदेशी लगानीको लागि बाटो खुला गरी दिएको छ । अहिले राजधानीमा विदेशी सम्बन्धनमा थुप्रै कलेजहरू सञ्चालन भइरहेका छन् । नेपालका अन्य कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेको बेला विदेशी सम्बन्धन प्राप्त कलेजहरूमा विद्यार्थीहरू खचाखच छन् । त्यसै गरी विदेशी लगानीमा सुविधा सम्पन्न होटलहरू याक एन्ड यति, हायात, म्यारियत, र्‍याडिसन, ताजजस्ता चेन होटलहरू खोलिएका छन् । मेलम्ची खानेपानीमा विदेशी पुँजी लगानी छ, सडक निर्माण विदेशीकै भरमा छ, सुरुङहरू उनीहरूले नै लगानी गरी बनाइरहेका छन्, जलविद्युत् गृह प्राय: विदेशी लगानीमै चलिरहेका छन् । विदेशी लगानी आएमा देश समृद्ध हुने भए नेपाल विकास भइसक्नुपर्ने हो तर खोइ ?

अहिले देशमा माओवादीको नेतृत्व र एमाले मुख्य भूमिकामा रहेको 'वामपन्थी' सरकार छ । यी शासक दलहरूले देशका भएभरका कलकारखानाहरू निजीकरण मात्र गरेनन्, देशका स्रोत साधनमाथि नै लगानीको नाउँमा उनीहरूको हालीमुहाली चल्ने वातावरण निर्माण गरिदिएका छन् । अझै माओवादी र एमालेहरू आफूलाई कम्युनिस्ट र देशमा समाजवाद स्थापना गर्ने भनी झूट बोल्दै छन् । पुँजीवादको बाटोबाट समाजवादमा नपुग्ने मात्र होइन त्यो बिलकुल असम्भव छ । नवउदारवाद साम्राज्यवादीहरूले कमजोर देशमाथि पुँजी लगानीको माध्यमबाट कब्जा गर्ने नीति हो । शासक दलहरू साम्राज्यवादीहरूको चङ्गुलमा नराम्ररी फस्दै छन् र नेपाललाई उम्कनै नसक्ने गरी विदेशी ऋण पासोमा फसाउँदै छन् । आत्मनिर्भरता नै वैदेशिक ऋण पासोबाट उन्मुक्ति पाउने एक मात्र सरल, सहज र उचित विकल्प हुनसक्छ ।

# बल्ल पालो आयो अरनिको सभाभवनको

वैशाख २१ गतेको दिन भक्तपुरको अति नै प्रतिक्षित अरनिको सभा भवनको शिलान्यास गरी भवन निर्माण कार्यको थालनी भयो । योभन्दा अगाडि कुनै किसिमको सभा सम्मेलन तथा नाटक आदि मञ्चन गर्नुपऱ्यो भने हामीलाई ठुलो सभाहलको लागि भक्तपुर बाहिर जानुपर्ने बाध्यता थियो । भएको एउटा सानो त्रिपुरसुन्दरी (जगन्नाथ एरिया) को सभा हल भूकम्पको कारण क्षतिग्रस्त छ । २०५६ सालतिर उक्त सभा भवनमा नगरसभा उद्घाटन गरेका पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नयाँ सभा भवन निर्माण गर्नको लागि रु. एक करोडको बजेट दिने घोषणा गर्नुभएको थियो । तर उहाँको छोटो कार्यकालका कारण अरू सरकारले सो घोषणाको वास्ता गरेन । यसरी अलपत्र रहेको सभा भवन निर्माण कार्यले अब मूर्त रूप लिने भएको छ । सभा भवनको प्रारूप भक्तपुर नगरपालिकाकै इन्जिनियरिङ कलेजको टेक्निकल टीमले तयार पारेको थियो । प्रारूप निकै नै आकर्षक थियो र भक्तपुरलाई सुहाउने परम्परागत शैलीकै थियो ।



पाठक पत्र

majdurdaily@gmail.com

सभा भवनमा ११०० क्षमताको ठुलो हलका साथै १२८ र ९६ जना अटाउने बहुउद्देश्यीय र श्रव्यदृश्य कक्ष गरी तीन हलहरू हुनेछ । त्यसको अलावा १०६३ वर्गमिटर क्षमताको प्रदर्शनी कक्ष र ६०० जना अटाउने खुला नाट्यशाला पनि हुनेछन् । योबाहेक यसै परिसरभित्र छुट्टै आफ्नै प्रशासकीय भवन चमेना गृह, मनोरम बगैंचाको साथै भूमिगत पार्किङ स्थल (४६ गाडी र २३१ मोटरसाइकलको लागि) मुख्य भवनमा नै व्यवस्था गरिएको छ । यो मुख्य भवनले ३२०१ वर्गमिटर क्षेत्रफलको हुनेछ । भवन निर्माण सम्पन्न भइसकेपछि भक्तपुरको ठुलो आवश्यकता पूरा हुनेछ ।

परियोजनाको प्रकृति हेर्दा यो योजना बहुवर्षीय योजनाजस्तो लाग्छ । तर, परियोजना पूरा हुन ठ्याक्कै कति वर्ष लाग्ने हो उल्लेख गरिएको छैन । लामो समयपछि बन्न लागेको सभा भवन अब कति वर्षपछि बन्ने हो ? उपभोक्ता समितिमार्फत निर्माण हुने भए पनि परियोजनाको सुरु र अन्त्यको जानकारी दिन नगरपालिकाको ध्यानाकर्षण गराउँदछु । उक्त सूचना पाटीमा यो परियोजनाको लागत इस्टिमेट कति लाग्ने हो कुनै जानकारी दिएको छैन । सुन्नमा आएअनुसार परियोजना सम्पन्न गर्न करिब १ अर्ब खर्च लाग्नेछ । यो सत्य पनि हुनसक्छ तर यी सबै कुराको निश्चित नभई निर्माण सुरु हुनुले अरुलाई शङ्का गर्ने ठाउँ हुन्छ । आशा छ, यस्ता कुराहरूमा नगरपालिकाले ध्यान दिनेछ ।

- जोगेन्द्र

# डिसेम्बरवादी महाकवि पुश्किन !

**पुश्किन डिसेम्बरवादी गुप्त समाजमा संलग्न भएनन् । तर, जारको स्वेच्छाचारी शासन र दासप्रथा अन्त गर्ने डिसेम्बरवादीहरूको उद्देश्यप्रति उनी सहानुभूति राख्थे र समर्थन गर्थे । गुप्त समाज सक्रिय रहेका र विद्रोहको तयारी चलिरहेका बखत पुश्किन निर्वासन र नजर बन्दमा थिए । त्यसैले पनि पुश्किन गुप्त समाज र डिसेम्बर विद्रोहसँग जोडिएका थिएनन् भनी मूल्याङ्कन गर्नेहरूको कमी छैन ।**

अलेक्सान्दर सेर्गेइभिच पुश्किन रूसी भाषाका महान् स्वच्छन्दतावादी कवि थिए । पुश्किनभन्दा अगाडि रूसी साहित्य र आधिकारिक कागजातहरूमा क्लिष्ट खालको पुरानो रूसी भाषा प्रयोग गरिन्थ्यो । घरानियाँहरूमा फ्रान्सेली भाषा र साहित्यको ठूलो प्रभाव थियो । १८ र १९ औँ शताब्दीको पूर्वार्द्धमा कुलीनहरूबिचको कुराकानी र चिट्ठीपत्रमा फ्रान्सेली भाषाको बढी प्रयोग हुन्थ्यो । रूसी भाषामा लेखिएका आधिकारिक चिट्ठीपत्रहरू दैनिक बोलिने रूसी भाषाभन्दा फरक हुन्थे । साहित्यमा पनि पुराना शब्दहरूकै भरमार हुन्थ्यो । सर्वसाधारण जनताले त्यो लेख्य भाषा बुझ्दैनथे । पुश्किनले आफ्ना कविता र महाकाव्यहरूमा थोत्रा शब्दहरूको ठाउँमा जनसाधारणले बोल्ने शब्दहरूको प्रयोग थाले । उनका सिर्जनाले रूसी साहित्यमा नयाँ भाषाशैली भित्र्याए । रूसी भाषामा यस्तो परिमार्जन अझै चालु छ । यिनै कारणले पुश्किनलाई आधुनिक रूसी भाषा र साहित्यका पिता मानिन्छ ।

१७९९ को जून महिनामा मस्कोको पुरानो खानदानी परिवारमा पुश्किनको जन्म भयो । उनका बुबा सेनामा मेजर थिए । आमा एक रूसी जर्नेलकी छोरी थिइन् । प्रारम्भिक शिक्षाको निम्ति पुश्किनलाई घरमै फ्रान्सेली शिक्षकहरूको व्यवस्था गरिएको थियो । दस वर्षको उमेरसम्म उनले फ्रान्सेलीबाहेक अरू भाषा बोलेनन् । उनको हेरविचार एक शिक्षित र साहित्यमा रूचि राख्ने धाई आमाले गर्थिन् । पछि उनैबाट पुश्किनले रूसी भाषा सिकेका थिए ।

डिसेम्बर विद्रोहताका महाकवि पुश्किन २६ वर्षका भर्भराउँदा युवक थिए । उनी डिसेम्बरवादी थिए कि थिएनन् भन्ने सवालमा अझै पनि बहस हुने गरेको छ ।

### पुश्किन र गुप्त समाज

सन् १८११ मा रूसका राजाको प्रत्यक्ष योजना र निर्देशनमा राजदरबारनजिकै एउटा उच्चवर्गीय शिक्षालय लाइसिएम स्थापना भयो । लाइसिएम सेन्ट पिटर्सबर्गबाट २४ किलोमिटर टाढा थियो । राज्य सञ्चालनको निम्ति कुलीन परिवारहरूबाट आवश्यक जनशक्ति तयार गर्न त्यो शाही लाइसिएम खोलिएको थियो । सोही साल १२ वर्षे पुश्किन त्यस लाइसिएममा भर्ना भए । पुश्किन र उनका सहपाठीहरू पहिलो सत्रका विद्यार्थी थिए । कुमार मिखाइल गोर्चाकोभ र इभान पुशिन लाइसिएममा पुश्किनका मन मिल्ने साथी थिए । जार निकोलस अलेक्सान्दर दोस्रोको पाला (१८५५–१८८१) मा कुमार गोर्चाकोभ विदेशमन्त्री बने । एकचोटि उनी चान्सलर पनि बने । त्यसैगरी, इभान पुशिन पछि सिनेट चोक विद्रोहको योजनाकार र नेता बने । उनी मात्र होइन पुश्किनका अन्य धेरै सहपाठी र समकालीनहरू गुप्त सङ्गठनका सदस्य थिए । तर, सूचना चुहिने डरले पुश्किनलाई जानाजान गुप्त सङ्गठनमा भित्र्याइएन । पुश्किनको झन्डै रिसाउने स्वभाव र शङ्कास्पद व्यक्तिहरूसँगको हिमचिमका कारण उनलाई सङ्गठनबाट पर राखियो ।

शाही लाइसिएममा जम्मा ६ वर्षको पढाइ हुन्थ्यो । त्यहाँ अध्ययन गर्दैताका १५ वर्षे उमेरदेखि नै पुश्किनले रूसी भाषामा कविता लेख्न थालिसकेका थिए । लाइसिएममा हुने हरेकजसो साहित्यिक गतिविधिमा उनी आफ्ना कविता पाठ गर्थे । उनी पढाइमा अब्बल थिएनन् तर पुरानो भाषाभन्दा फरक नयाँ खालको सरल भाषामा लेखिएका उनका कविताहरूले रूसी साहित्यको आकाशमा आफ्नो अलग्गै ठाउँ बनाउन थालिसकेका थिए । पुश्किन फ्रान्सेली विचारकहरू भोल्टायर र दिदेरोबाट प्रभावित थिए । 'इतिहासको अँध्यारो कालखण्डमा दर्शनको दियो बाल्न नयाँ बाटो पहिल्याउने विचारक' भनेर उनी भोल्टायरलाई सम्मान गर्थे ।

सन् १८१७ मा लाइसिएमको पढाइ सकेपछि साथी गोर्चाकोभसँगै पुश्किनलाई विदेश मन्त्रालयमा कूटनीतिक अधिकारी बनाइयो । तर, पुश्किनको रूचि साहित्यमा थियो । विदेश मन्त्रालयको काममा उनलाई कत्ति पनि रूचि थिएन । उदार विचारका युवा पुश्किनले आफ्ना कवितामा स्वेच्छाचारी शासनविरोधी भावना व्यक्त गर्थे ।

१८२० अप्रिलको एक दिन पिटर्सबर्गस्थित पुश्किनको घरमा एक साहित्यका पाठक आए । त्यस दिन पुश्किन घरमा थिएनन् । पुश्किनका घरेलु सहयोगीसँग ती पाठकले पुश्किनका कविताको पाण्डुलिपि पढ्न मागे । धेरै पैसा दिने वाचा गरे पनि ती सहयोगीले कविताको पाण्डुलिपि दिएनन् र अतिथि फर्के । पुश्किन घर फर्केपछि रहस्य खुल्यो । वास्तवमा उनी सादा पोशाकमा आएका गुप्त प्रहरी रहेछन् ! पुश्किनले त्यही दिन विद्रोही भावना भएका आफ्ना केही पाण्डुलिपि जलाए । भोलिपल्ट प्रहरीले पुश्किनको घरमा खानतलासी लियो र उनलाई गभर्नरकहाँ लगियो । विद्रोही कविता लेखेर युवाहरूलाई भड्काएको आरोपमा जार अलेक्सान्दर प्रथमको निर्देशनमा उनलाई दक्षिण-पश्चिम रूसस्थित किसिनेभ सहर (हाल माल्डोभाको राजधानी) मा निर्वासनमा पठाइयो । यसरी २१ वर्षको उमेरका एक उदार र क्रान्तिकारी कवि तानाशाही शासनको आँखाका कसिङ्गर बने । त्यसैले, डिसेम्बर विद्रोह हुनुभन्दा पाँच वर्षअगाडि नै उनलाई राजधानीबाट टाढा निर्वासनमा पठाइयो ।

ककेसिया र क्रिमिया हुँदै पिटर्सबर्गबाट २ हजार किलोमिटर टाढा किसिनेभ पुऱ्याइएका पुश्किनले आफ्नो लेखन यात्रा जारी राखे । यस क्रममा पुश्किनले 'ककेसियाको बन्दी', 'बाख्चिसाराइको झरना' लगायत धेरै चर्चित कविता रचे । किसिनेभ 'दक्षिणी गुप्त समाजका गणतन्त्रवादी नेता कर्नेल पाभेल पेस्तेलको पल्टन तैनाथ गरिएको सहर थियो । त्यस पल्टनका धेरैजसो युवा अफिसरहरू गुप्त गतिविधिमा क्रियाशील थिए । साहित्यिक जमघटहरूमार्फत पुश्किन ती युवाहरूको सम्पर्कमा थिए भन्ने अनुमान सहजै लगाउन सकिन्थ्यो । पारिवारिक सम्बन्ध पनि हुनाले किसिनेभमा छँदा पुश्किनलाई गुप्त समाजको सदस्य बनाउने जिम्मा मेजर जर्नेल सेर्गेइ भोल्कोन्स्कीलाई दिइएको थियो । तर, अनुशासनमा नबाँधिने पुश्किनको फुक्का र भावुक स्वभावका कारण सदस्य नबनाउनु नै उपयुक्त भएको निष्कर्ष भोल्कोन्स्कीले निकाले । सन् १८२३ मा पुश्किनलाई किसिनेभ सहरको १८० किलोमिटर दक्षिणमा पर्ने ओडेसा सहरमा सारियो । त्यहाँ पनि स्थानीय अधिकारीहरूसँग विवादमा परेपछि उत्तरी रूसको पिस्कोभ सहरनजिक मिखाइलोभ्स्कोय गाउँमा उनकै घरमा नजरबन्दमा राखियो । राजधानी पिटर्सबर्गबाट ३०० किलोमिटर दक्षिण-पश्चिममा रहेको मिखाइलोभ्स्कोय गाउँ उनकी आमाको पुर्ख्यौली गाउँ थियो ।



पुश्किन र पुशिन

### पुश्किन र पुशिन

विद्रोह असफल भएपछि समातिएका केही विद्रोहीहरूले पुशिन भन्ने एक नेता पनि रहेको बयान दिए । उस्तैउस्तै नामका कारण सुरुमा त अनुसन्धान अधिकारीहरूले पुशिन भनिने व्यक्ति पुश्किन नै त होइनन् भन्ने आशङ्का गरे । पुश्किन जारद्वारा युवा उमेरमै निर्वासित गरिएका कवि हुनाले त्यो आशङ्का स्वाभाविक थियो । त्यसमाथि क्रान्तिकारीहरूका गुप्त दस्तावेजहरूको सङ्ग्रहमा पुश्किनका कविताहरू पनि भेटिएका थिए ।

पुश्किन मिखाइलोभ्स्कोय गाउँमा निर्वासनमा रहँदा गुप्त समाजका नेताहरू जारको तानाशाही शासनको ठाउँमा संवैधानिक व्यवस्था ल्याउन निर्णायक कदम चाल्नुपर्ने निष्कर्षमा पुगिसकेका थिए । तिनै क्रान्तिकारीमध्ये एक थिए शाही लाइसिएमका उनका सहपाठी र नजिकमा मित्र इभान इभानोभिच पुशिन ।


इभान पुशिनको जन्म १७९८ को मे महिनामा मस्कोमा एक लेफ्टिनेन्ट जर्नेलको परिवारमा भएको थियो । पुश्किनजस्तै सन् १८११ मा उनी पनि शाही लाइसिएममा भर्ना भएका थिए । लाइसिएमको पढाइकै क्रममा उनी गुप्त समाजको सम्पर्कमा पुगे र १६ वर्षको उमेरमा गुप्त समाजको सदस्य बने । नजिकका साथी भएर पनि शाही लाइसिएममा छँदा उनले पुश्किनलाई गुप्त समाजको सदस्य बनाउन उपयुक्त देखेनन् । उनले पनि पुश्किनको अस्थिर स्वभाव र फुक्का विचारलाई ध्यान दिएका थिए ।

पढाइपछि पुशिन गार्ड पल्टनमा तोप हान्ने टुकडीको अफिसर बने । सन् १८२३ मा खुकुलो 'समृद्ध समाज' विघटन गरेर 'उत्तरी समाज' पुन: गठन गर्न उनको सक्रिय भूमिका थियो । गुप्त समाजकै कामको निम्ति उनी सैनिक सेवा छोडेर मस्कोमा न्यायाधीश बन्न गए । मस्को सहरमा 'उत्तरी समाज' को मस्को शाखा बनाउने जिम्मा उनलाई दिइएको थियो । पछि उनी 'उत्तरी समाज' को मस्को शाखाका नेता बने ।

विद्रोहभन्दा ११ महिनाअघि पुशिन मिखाइलोभ्स्कोय गाउँ गएका थिए । त्यसबेला पुश्किन त्यही गाउँमा नजरबन्दमा थिए । उनलाई गुप्त समाजको बारेमा बताउने र विद्रोहमा सामेल गराउने उद्देश्यले उनी त्यहाँ पुगेका थिए । त्यस बेलासम्म पुश्किन प्रख्यात कवि बनिसकेका थिए । उनका कविताहरूले धेरै क्रान्तिकारीहरूलाई उत्साहित पार्थे । निर्वासनको सजाय भोगिरहेका पुश्किन परिवर्तनकारी युवाहरूबिच एक विद्रोही कविको रूपमा परिचित थिए । लामो समयसम्म नभेटेका दुई साथीले दिनभरि स्कूले जीवन र साथीहरूबारे जमेर गफ गरे । पुशिनले गुप्त समाजबारे सङ्केत गर्दै आफू नयाँ तरिकाले देशको सेवामा लागेको र आफूजस्तै धेरै युवा त्यो दिशामा क्रियाशील रहेको बताए । इभान पुशिनको सङ्केत बुझेर पुश्किनले आफ्नो अवस्थाका कारण आफू 'विश्वास गर्न लायक नभएको' बताए । त्यसपछि इभान पुशिनले गुप्त समाजको कुरा अघि बढाएनन् ।

१८२५ डिसेम्बर २६ (१४) विद्रोहको दिन थियो । सिनेट चोक पुग्ने क्रान्तिकारीहरूमा इभान पुशिन अघिल्लो लहरमा थिए । पुशिनलाई तोप टुकडीको अनुभव थियो । त्यसैले सिनेट चोकमा अन्योल छाएपछि विद्रोही सेनाको मनोबल र सैनिक संरचना अक्षुण्ण राख्न उनले अहम् भूमिका खेले । अन्तमा तोप आक्रमण भयो । त्यस घडीमा उनैले बागी सेनालाई फैलिने निर्देशन दिए । विद्रोह असफल भयो । त्यो रात उनीलगायत केही नेताहरू 'उत्तरी समाज' का नेता कोन्द्राती रिलेयेभको कोठामा जम्मा भए । अलिबेरको छलफलपछि उनीहरू आ-आफ्ना घरतिर लागे । आफ्नो भविष्य कस्तो हुनेछ भन्नेमा सबैजना स्पष्ट थिए । त्यसैले, विद्रोहको असफलताबाट कोही पनि विचलित भएनन् ।

पुश्किन र पुशिनका एक सहपाठी कुमार गोर्चाकोभ विदेश मन्त्रालयमा कार्यरत थिए । लन्डनको रूसी दूतावासमा काम गर्ने गोर्चाकोभ त्यतिबेला जार निकोलसको शपथ लिन राजधानी पिटर्सबर्ग फर्केका थिए । विद्रोहको भोलिपल्ट बिहान पुशिन गुप्त कागजात भएको सुटकेस आफ्नो भरपर्दो साथीलाई जिम्मा लगाउन लाइसिएम पुगे । त्यहाँ उनको भेट गोर्चाकोभसँग भयो । गोर्चाकोभले पुशिनलाई पासपोर्टको व्यवस्था गरेर विदेशी जहाजमार्फत बेलायत भाग्न कर गरे । तर, पुशिन आफ्ना सबै विद्रोही साथीलाई रूसमा छोडेर एक्लै विदेश भाग्ने कुरामा सहमत भएनन् । दुई दिनपछि इभान पुशिन आफ्नै घरबाट समातिए । सबैलाई जस्तै उनलाई पनि पिटर-पाउल किल्लामा बन्दी बनाइयो ।




विद्रोहीहरूका घरैपिच्छे खानतलासी भयो । खानतलासी गर्दा पुश्किनका विद्रोही कविताहरू भेटिएका थिए । तर, गुप्त समाजमा पुश्किनको सहभागिता भएको कुनै पनि प्रमाण भेटिएन । विद्रोहको ९ महिनापछि नयाँ जारले पुश्किनलाई राजधानी झिकाउन आफ्ना प्रतिनिधि पठाए । जार निकोलसले पुश्किनसँगको भेटमा सोधेका थिए, 'सेन्ट पिटर्सबर्गमा भएको भए के तिमी पनि विद्रोहमा सामेल हुन्थ्यौ ?" २७ वर्षे पुश्किनले निडरतासाथ भने, "जरुर सरकार ! म सहभागी हुन्थेँ । किनकि, मेरा धेरै साथी त्यसमा सहभागी थिए, म कसरी छुट्न सक्थेँ र ?"

पुश्किन कुलीनवर्गमा स्थापित कवि बनिसकेका थिए । विद्रोहपछि कुलीनवर्गबिच आफ्नो पक्षमा सहज माहोल बनाउन निकोलसले पुश्किनलाई नजरबन्द र निर्वासनबाट मुक्त गरे । त्यसपछि पुश्किन राजधानी पिटर्सबर्गमा बस्न थाले । तर, उनी निरन्तर गुप्त प्रहरीको निगरानीमा रहे । गाउँमा नजरबन्दको सजाय भोगिरहेको बेला उनले 'बोरिस गोदुनोभ' नामक नाटक लेखेका थिए । त्यसको प्रकाशन गर्न उनले पाँच वर्ष कुर्नुपर्‍यो ।

यता इभान पुशिनलाई साइबेरियामा २० वर्षको जेल सजाय र सदाका लागि निर्वासनको सजाय सुनाइयो । त्यो सजाय सुनाएको १३ वर्षपछि सन् १८३९ मा उनले जेलमुक्त भएर निर्वासित जीवन बिताउन थाले । ३१ वर्षपछि आममाफी पाएर युरोपेली रूस फर्किने थोरै डिसेम्बरवादीमध्ये इभान पुशिन पनि थिए । साइबेरियाबाट युरोप फर्केका इभान पुशिनजस्ता क्रान्तिकारीलाई मस्को वा पिटर्सबर्गमा बसोबास गर्ने अनुमति थिएन । एकजना डिसेम्बरवादीकी विधवासँग विवाह गरेर पुशिन मस्कोबाहिर एउटा गाउँमा बस्न थाले । निर्वासनबाट फर्केको तीन वर्षपछि सन् १८५९ मा पुशिनको निधन भयो ।

पुशिन निर्वासनबाट फर्किँदा उनका साथी कवि अलेक्सान्दर पुश्किनको निधन भएको २० वर्ष पुग्न लागेको थियो । आफ्नो स्वाभिमानको निम्ति एउटा 'डुयल' मा सहभागी हुँदा पुश्किन गम्भीर घाइते भए । त्यसैकारण, सन् १८३७ मा उनको मृत्यु भएको थियो ।

पुश्किन डिसेम्बरवादी गुप्त समाजमा संलग्न भएनन् । तर, जारको स्वेच्छाचारी शासन र दासप्रथा अन्त गर्ने डिसेम्बरवादीहरूको उद्देश्यप्रति उनी सहानुभूति राख्थे र समर्थन गर्थे । गुप्त समाज सक्रिय रहेका र विद्रोहको तयारी चलिरहेका बखत पुश्किन निर्वासन र नजर बन्दमा थिए । त्यसैले पनि पुश्किन गुप्त समाज र डिसेम्बर विद्रोहसँग जोडिएका थिएनन् भनी मूल्याङ्कन गर्नेहरूको कमी छैन ।



मे ७, २०२४ का दिन दक्षिणी गाजा स्ट्रिप सहर रफाहमा इजरायली हवाई हमलापछि ध्वस्त भएको भवनबाट धुँवा र धुलोको मुस्लो माथि उठ्दै । रफाह सहर मा भएको भयानक इजरायली हवाई हमलामा कम्तीमा २० प्यालेस्टाइनी मारिएका प्यालेस्टाइनी सुरक्षा र चिकित्सा स्रोतले जनाएको छ ।

*तस्बिर : रिजेक अब्देलजावाद/सिन्ह्वा*

# चीनका राष्ट्राध्यक्ष सी चिनफिङद्वारा सर्बियाको भ्रमण सुरु

पेइचिङ, ८ मे (सीआरआई) । सर्बियाका राष्ट्रपति अलेक्सान्डर भुचिचको निमन्त्रणामा, स्थानीय समयअनुसार मे ७ का दिन राति चीनका राष्ट्राध्यक्ष सी चिनफिङ विशेष विमानद्वारा बेल्ग्रेड पुगेर सर्बियाको राजकीय भ्रमण थाल्नुभएको छ ।

राष्ट्राध्यक्ष सीको विशेष विमान सर्बियाको वायु क्षेत्रमा प्रवेश गरेपछि सम्मानमा सर्बियाका दुई सैन्य विमानले सुरक्षा गरेका थिए ।

स्थानीय समयअनुसार मे ७ का दिन राति चीनका राष्ट्राध्यक्ष सी चिनफिङ तथा श्रीमती फङ ली युआन विशेष विमानद्वारा बेल्ग्रेड पुग्नुभएको छ । सर्बियाका राष्ट्रपति अलेक्सान्डर भुचिच दम्पत्ति, भूतपूर्व राष्ट्रपति तोमिस्लाभ निकोलिक दम्पत्ति, सभापति र प्रधानमन्त्रीहरूले विमानस्थलमा उहाँहरूको हार्दिक स्वागत गर्नुभएको थियो ।

विशेषतायुक्त स्वागत समारोहमा सर्बियाका बालबालिकाले राष्ट्राध्यक्ष सी चिनफिङ र श्रीमती फङ लियुआनलाई फूलका गुच्छा दिनुका साथै सर्बियाली सर्वसाधारणले नाचगानद्वारा स्वागत गरेका थिए ।

राष्ट्राध्यक्ष सीले लिखित सम्बोधन गर्नुभएको छ । उहाँले चीन सरकार र जनताको प्रतिनिधित्व गरेर मैत्रिपूर्ण सर्बिया सरकार र जनतालाई हार्दिक अभिवादन र शुभकामना दिनुभएको छ ।

सन् २०१६ मा दुई देशले चौतर्फी रणनीतिक साझेदारी सम्बन्ध स्थापनादेखि द्विपक्षीय सम्बन्धमा फड्को मारी विकास गरेर ऐतिहासिक उपलब्धि हासिल गरेका छन् । दुई देशको राजनीतिक विश्वास ढुङ्गाजस्तै दृढ छ । साझारूपमा 'बेल्ट एन्ड रोड' को उच्च गुणस्तरीय निर्माणमा उपलब्धि फलदायी छ । नयाँ ऐतिहासिक सुरुवातमा चीनले सर्बियासँग अझ शक्तिशाली, व्यापक र उच्च गुणस्तरीय सहयोगको नयाँ अवस्थाको सिर्जना गर्ने इच्छा राखेको छ । उहाँले यो भ्रमणमार्फत राष्ट्रपति भुचिचसँग द्वीपक्षीय सम्बन्ध र अन्य साझा अभिरूचि विषयबारे गहनरूपमा वैचारिक आदानप्रदान गर्नुका साथै सम्बन्धको नयाँ योजना बनाउने अपेक्षा व्यक्त गर्नुभएको छ ।



विमानस्थलबाट होटलसम्मको बाटोमा सर्बियामा बसोबास भएका चिनियाँ मूलका विदेशी तथा प्रबासी चिनियाँहरू, सर्बियामा अध्यायनरत चिनियाँ विद्यार्थीहरू र सर्बियाका बासिन्दाहरूले स्वच्छरूपमा चीन र सर्बियाका राष्ट्रिय झण्डा फहराउँदै राष्ट्राध्यक्ष सीको हार्दिक स्वागत गरेका छन् ।

**चीनका राष्ट्राध्यक्ष सी चिनफिङद्वारा बेल्ग्रेडमा लिखित सम्बोधन**

चीनका राष्ट्राध्यक्ष सी चिनफिङ सर्बियाको बेल्ग्रेडमा पुगेर विमानस्थलमा लिखित सम्बोधन गर्नुभएको छ ।

उहाँले चीन सरकार र जनताको प्रतिनिधित्व गरेर मैत्रीपूर्ण सर्बियाली सरकार र जनतालाई हार्दिक अभिवादन गर्दै शुभकामना दिनुभएको छ ।

सन् २०१६ मा दुई देशले चौतर्फी रणनीतिक साझेदारी सम्बन्ध स्थापना गरेदेखि द्विपक्षीय सम्बन्धमा फड्को मारी विकास गरेर ऐतिहासिक उपलब्धि हासिल गरेका छन् । दुई देशको राजनीतिक विश्वास ढुङ्गाजस्तै दृढ छ । साझारूपमा 'बेल्ट एन्ड रोड' को उच्च गुणस्तरीय निर्माणमा उपलब्धि फलदायी छ ।

नयाँ ऐतिहासिक सुरुवातमा चीनले सर्बियासँग अझ शक्तिशाली, व्यापक र उच्च गुणस्तरीय सहयोगको नयाँ अवस्थाको सिर्जना गर्ने इच्छा राखेको छ । उहाँले यो भ्रमणमार्फत राष्ट्रपति भुचिचसँग द्वीपक्षीय सम्बन्ध र अन्य साझा अभिरूचि विषयबारे गहनरूपमा वैचारिक आदानप्रदान गर्नुका साथै सम्बन्धको नयाँ योजना बनाउने प्रतीक्षा व्यक्त गर्नुभएको छ ।

# गाजा सहायताका लागि केरेम शालोम सीमा खुला

जेरुसेलम, २६ वैशाख (एएफपी) । चार सैनिकको मृत्यु हुनेगरी भएको रकेट हमलाको जवाफमा केरेम शालोम सीमा क्रसिङ बन्द गरेको चार दिनपछि इजराइलले बुधबार गाजाका लागि मानवीय सहायताका लागि उक्त सीमा पुन: खोलेको बताएको छ ।

अन्तर्राष्ट्रिय समुदायले दान गरेको खाना, पानी, आश्रय उपकरण, औषधि र चिकित्सा उपकरणसहित मानवीय सहायता बोकेका इजिप्टबाट ट्रकहरू क्रसिङ्मा आइपुगेको सेनाले प्यालेस्टिनी नागरिक मामिला निरीक्षण गर्ने रक्षा मन्त्रालयको निकाय कोगाटसँगको संयुक्त विज्ञप्तिमा जनाएको छ । निरीक्षण गरेपछि क्रसिङको गाजा छेउमा आपूर्ति हस्तान्तरण गरिने सेनाले जनाएको छ ।

इजराइल र उत्तरी गाजाबिचको इरेज सीमा पनि प्यालेस्टिनी क्षेत्रमा सहायता वितरणका लागि खुला रहेको विज्ञप्तिमा उल्लेख छ ।

आइतबार हमासको रकेट आक्रमणमा चार जना सैनिक मारिनुका साथै एक दर्जनभन्दा बढी घाइते भएपछि केरेम शालोम क्रसिङ बन्द गरिएको थियो ।

मङ्गलबार इजराइली सेनाले सहरको पूर्वी क्षेत्रमा आक्रमण गरेपछि गाजा र इजिप्टबिचको रफाह क्रसिङको प्यालेस्टिनी हिस्सा नियन्त्रण कब्जा गरेको थियो ।

संयुक्त राष्ट्रसङ्घ र इजराइलको कट्टर सहयोगी संयुक्त राज्य अमेरिका दुवैले अनिकालको सामना गरिरहेका नागरिकहरूका लागि जीवनरेखा भएका दुई क्रसिङ बन्दको निन्दा गरेका छन् ।

**सङ्क्षिप्त समाचार**

## रफाहमाथिको प्रत्याक्रमण रणनीतिक गल्ती : राष्ट्रसङ्घ महासचिव

न्युयोर्क, २६ वैशाख (एएनआई) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले रफाहमा इजराइली आक्रमणको निन्दा गर्दै उक्त आक्रमण 'रणनीतिक गल्ती' हुने चेतावनी दिनुभएको छ ।

रफाहमाथि आक्रमण एक रणनीतिक भूल, राजनीतिक विपत्ति र अमानवीय कार्य हुने गुटेरेसले ट्वीटरमा पोस्ट गरिएको भिडियोमा उल्लेख गर्नुभएको छ । उहाँले अन्तर्राष्ट्रिय समुदायलाई इजराइल-हमास युद्ध रोक्न अपिल गर्नुभयो ।

उहाँले इजराइलमाथि प्रभाव राख्ने सबै मुलुक एवं व्यक्ति र संस्थालाई गाजामा जारी त्रासदी रोक्नेतर्फ पहल गर्न आग्रहसमेत गर्नुभएको छ । महासचिव गुटेरेसले यो समय युद्धरत पक्षहरूलाई सम्झौतामा ल्याई युद्ध अन्त्य गर्ने उपयुक्त समय भएको पनि उल्लेख गर्नुभयो ।

मानवीय युद्धविराम, बन्धकहरूको बिनाशर्त रिहाइ तथा जीवन बचाउ सहायताको वृद्धिलाई बढावा दिन अन्तर्राष्ट्रिय समुदायको साझा जिम्मेवारी भएको राष्ट्रसङ्घीय प्रमुखको भनाइ छ ।

प्यालेस्टिनी सिभिल डिफेन्सको रिपोर्टअनुसार मङ्गलबार रफाहमा इजराइलले गरेको हवाई आक्रमणका कारण धेरै हताहत र घाइते भएका छन् ।

प्यालेस्टिनी आधिकारिक समाचार एजेन्सी डब्लुएएफएले रफाहमा गरिएका दुईवटा आक्रमणमा आठ जनाको मृत्यु भएको पुष्टि गरेको छ ।

## भारी वर्षाले उत्तरी हाइटीमा पहिरो जाँदा १३ जनाको मृत्यु

संयुक्त राष्ट्रसङ्घ, २६ वैशाख (सिन्ह्वा) । हिंसाग्रस्त हाइटीको उत्तरपश्चिममा भर्खरै आएको भारी वर्षाका कारण बाढी र पहिरोमा परी १३ जनाको ज्यान गएको संयुक्त राष्ट्रसङ्घका मानवीय सहायताकर्मीहरूले मङ्गलबार बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले स्थानीय अधिकारीहरूले क्याप-हाइटेनमा पहिरोमा परी १३ जनाको मृत्यु भएको बताएको उल्लेख गरेको छ ।

पोर्ट-ओ-प्रिन्सको राजधानीमा घातक गिरोह हिंसाबाट भागेका धेरै मानिसले देशको उत्तरतर्फ सुरक्षा माग गरेका छन् । यसमा मुलुकको उत्तरी तटसँगै क्याप-हाइटियन क्षेत्र पनि सामेल छ । स्थानीय अधिकारीहरूले मुसलधारे वर्षाले घर तथा व्यवसायमा समेत क्षति पुगेको बताएका छन् ।

आगामी दिनमा राजधानीलगायत अन्य भागमा थप वर्षा र बाढी आउने अपेक्षा गरिएको ओसिएचएले जानकारी गराएको छ । यी भागमा जारी हिंसाबाट विस्थापित मानिसले भारी वर्षाअघि सरसफाइ चुनौतीको सामना गरिरहेका थिए । शुक्रबारदेखि भारी वर्षा सुरु भएको छ ।

ओसीएचएले राजधानीमा भएको हिंसासँग सम्बन्धित विज्ञप्तिमा हाइटीका अन्तरिम मानवीय संयोजक ब्रुनो मेसले सोलिनो छिमेक र पोर्ट-ओ-प्रिन्सको वरपरका क्षेत्रहरूमा बारम्बार आक्रमणको गहिरो मानवीय प्रभावको कडा निन्दा गर्नुभएको बताएको छ । उक्त आक्रमणका कारण मानिसहरू आफ्नो घरबाट भागेका छन् ।

ब्रुनो मेसले भन्नुभयो, "सोलिनोमा पानी, खाना र इन्धनसम्मको पहुँचमा वञ्चित भएका महिला, बालबालिका र पुरुषसहित नागरिक जनसङ्ख्याको घेराबन्दी आधारभूत मानवीय मान्यताको स्पष्ट उल्लङ्घन हो । बासिन्दाहरू आफ्नो घरमा बिनाकुनै डर पूरै सुरक्षाका साथ बस्न सकुन् र मानवतावादी कलाकारहरूले प्रभावित मानिसहरूलाई सहयोग गर्न सकुन् भनेर म यी कार्यका अपराधीहरूलाई हिंसा बन्द गर्न आग्रह गर्दछु ।"

## चालक दलका सदस्य एकाएक बिरामी एयर इन्डियाका ७० उडान रद्द

नयाँदिल्ली, २६ वैशाख (एएनआई) । बुधबार एयर इन्डिया एक्सप्रेसका ७० वटा भन्दा बढी अन्तर्राष्ट्रिय तथा घरेलु उडानहरू वरिष्ठ चालक दलका सदस्यहरू बिरामी परी बिदामा बसेका कारण रद्द वा ढिलाइ भएका छन् ।

एयर इन्डिया एक्सप्रेसले बुधबार आफ्नो उडान सञ्चालनमा ठुलो अवरोधको सामना गर्नु परेको जनाएको छ । लगभग ७० वटा रद्द उडानमा प्राय: अन्तर्राष्ट्रियका वरिष्ठ चालक दलका सदस्य बिरामी भएको कारण रद्द वा ढिलाइ भएको थियो ।

भारतीय नागरिक उड्डयन मन्त्रालय स्रोतका अनुसार मङ्गलबारदेखि सुरु भएको यो समस्या बुधबार बिहानसम्म जारी रहेको थियो ।

नागरिक उड्डयन अधिकारीहरूले यस विषयमा अनुसन्धान गरिरहेका छन् ।

स्वास्थ्य समस्यालाई उद्धृत गर्दै उडान अघि केही वरिष्ठ चालक दलका सदस्यहरूले आफ्नो मोबाइल फोन बन्द गरेको स्रोतहरूले बताएका छन् ।

वैकल्पिक पाइलटहरू उपलब्ध नभएका कारण उडानहरू रद्द गर्नु परेको थियो । एयर इन्डिया एक्सप्रेसले परिस्थितिको मूल्याङ्कन गरिरहेको जनाउँदै प्रभावित यात्रुहरूसँग माफी मागेको छ ।

एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले केबिन क्रूको टोलीले मङ्गलबार राति बिरामी भएको रिपोर्ट गरेको परिणामस्वरूप उडानमा ढिलाइ र रद्द भएको बताउनुभयो । घटनाका कारणहरू बुझ्नका लागि चालक दलका सदस्यहरूसँग एयर इन्डिया एक्सप्रेसको टोलीले छलफल गरिरहेको छ ।

यस्तै घटना अप्रिल १ मा भिस्तारा एयरले पनि सामना गर्नुपरेको थियो । त्यसबखत पाइलटहरू बिरामी भएकाले सयभन्दा बढी उडान प्रभावित भएका थिए ।

# अशान्त अमेरिकी विश्वविद्यालय

✍ बुद्धिसागर मरासिनी



प्यालेस्टिनी विद्रोही समूह हमासले इजरायलमा आक्रमण गरेको आठ महिना पुगिसकेको छ । इजरायलले व्यहोरेको अप्रत्याशित आक्रमणमा करिब १ हजार २ सय इजरायली तत्काल मारिए । घाइते भएका सय जनाभन्दा बढीले आक्रमणको केही दिनमा ज्यान गुमाएका थिए । त्यसको साथै २ सय ५० जनाभन्दा बढीलाई इजरायली क्षेत्रबाट बन्धक बनाएर लैजान हमास सफल भएको थियो ।

आफूविरुद्ध इतिहासकै भयानक आक्रमणबाट क्रुद्ध इजरायलले त्यसलगत्तै प्यालेस्टिनमा अन्धाधुन्ध आक्रमण सुरु गऱ्यो । जसका कारण आठ महिनाको अवधिमा ३७ हजार ७ सय ८९ प्यालेस्टिनीको ज्यान गइसकेको छ । मारिनेमध्ये अधिकांश महिला र बालबालिका छन् । कम्तीमा ७८ हजार घाइते भएको जनाइएको छ । यस अवधिमा प्यालेस्टिनमा हजारौँ संरचनाहरू ध्वस्त भएका छन् भने ठुलो सङ्ख्यामा सर्वसाधारणहरू विस्थापित भएका छन् ।

पश्चिम एसिया क्षेत्रमा जारी तनाव आठ महिनापछि भने अमेरिकासम्म पुगेको छ । अमेरिकी विश्वविद्यालयका विद्यार्थीले प्यालेस्टिनमा भइरहेको इजरायली आक्रमणको विरोधमा प्रदर्शनहरू चर्काएका छन् । त्यस्ता विरोध प्रदर्शनहरूले विगतमा अमेरिकामा हुने गरेका युद्ध र रङ्गभेदविरुद्धका आन्दोलनको झल्को दिएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन् । इजरायली आक्रमणको विरोधमा गरिएको प्रदर्शनको शृङ्खला पछिल्लो दिनमा निकै बढेको छ । जसका कारण दर्जनौँ विश्वविद्यालय तनावग्रस्त बनेका छन् ।

आन्दोलित विद्यार्थीले गाजामा स्थायी युद्धविराम हुनुपर्ने, इजरायललाई अमेरिकाले गरिरहेको सैन्य सहयोग अन्त्य गरिनुपर्ने, हतियार बिक्रेता र युद्धबाट नाफा कमाउने कम्पनीबाट विश्वविद्यालयले वित्तीय सहयोग लिन रोक्नुपर्ने र आन्दोलनको क्रममा पक्राउ परेका विद्यार्थीलाई रिहा गर्नुपर्ने माग राखेका छन् ।

इजरायलले अक्टोबरमा प्यालेस्टिनमाथि आक्रमण सुरु गरेदेखि नै अमेरिकाका विभिन्न विश्वविद्यालयका विद्यार्थीले युद्धविरोधी प्रदर्शनहरू सुरु गरेका थिए । इजरायलको ज्यादती बढ्दै गएपछि विद्यार्थीहरू थप आन्दोलित भएका हुन्छ । सुरुमा ऱ्याली, अनसन, भोक हडताल गरेका विद्यार्थीहरू पछिल्लो समय भने क्याम्पस हाताभित्रै पाल टाँगेरै बस्न थालेका छन् । बीबीसीका अनुसार ४५ राज्य र वासिङ्टनमा विद्यार्थीहरू आन्दोलित छन् । एक सय ३० भन्दा बढी विश्वविद्यालय तथा कलेजमा विद्यार्थीहरू अस्थायी शिविर नै खडा गरेर प्रदर्शनमा उत्रेका छन् ।

उत्तरपूर्वी क्षेत्रका जर्ज वासिङ्टन, ब्राउन, यल, हार्वार्ड, एमर्सन, न्युयोर्क, जर्जटाउन, अमेरिकन, मेरिल्यान्ड, जोन हप्किन्स, टुफ्ट्स, कोर्नेल, पेन्सलभेनिया, प्रिन्स्टन, टेम्पल, नर्थ इस्टर्न, एमआटी, द न्यु स्कुल, रोचेस्टर र पिट्सवर्ग विश्वविद्यालयमा प्रदर्शन चर्केको छ । त्यस्तै, पश्चिम तटीय क्षेत्रका क्यालिफोर्निया स्टेट पोलिटेक्निक, हुम्बोल्ट, साउदर्न क्यालिफोर्निया, क्यालिफोर्निया, लस एन्जलस, बर्कले, वासिङ्टन, ओरिगन विश्वविद्यालयमा पनि विद्यार्थीहरू आन्दोलित भएका छन् ।

विस्कन्सिन, नर्थवेस्टर्न, वासिङ्टन (सेन्ट लुइस), इन्डियाना, मिसिगन, ओहायो, ओहायो स्टेट, मिनेसोटा, कोलम्बिया, सिकागोलगायतका मध्यपश्चिम क्षेत्रका विश्वविद्यालयमा पनि प्रदर्शन चर्किएको बीबीसीले जनाएको छ । दक्षिणी क्षेत्रका टुलेन, एमोरी, भान्डेरबिल्ट, नर्थ क्यारोलाइना, चार्लोट, नर्थ क्यारोलाइना (चापेल हिल), केन्नेस, फ्लोरिडा, भर्जिनिया टेक, जर्जिया र दक्षिणपश्चिम क्षेत्रका टेक्सास (अस्टिन), टेक्सास (डालस), राइस र एरिजोना विश्वविद्यालयमा प्रदर्शन हिंसात्मक बनेको बीबीसीले उल्लेख गरेको छ ।

विद्यार्थीले प्रदर्शन चर्काएका विश्वविद्यालयले नियमित कक्षा बन्द गरी भर्चुअल माध्यमबाट पठनपाठन सञ्चालन गरेका छन् । 'युनिभर्सिटी अफ साउदर्न क्यालिफोर्निया' ले दीक्षान्त समारोह नै स्थगन गरेको छ । स्थानीय प्रहरी र केही विश्वविद्यालय प्रशासनले प्रदर्शनकारीविरुद्ध कठोर नीति अपनाउन थालेका छन् । कोलम्बियालगायतका केही विश्वविद्यालयले प्रदर्शनमा सहभागी विद्यार्थीलाई निलम्बन गरेका छन् ।

केही विश्वविद्यालयले भने प्रदर्शन अन्त्यका लागि विद्यार्थीहरूसँग वार्ता सुरु गरेको अमेरिकी सञ्चार माध्यमहरूले जनाएका छन् । अन्य केहीले भने प्रदर्शन रोक्न अल्टिमेटम दिएका र प्रहरी गुहारेका जनाइएको छ । बीबीसीका अनुसार सिकागो नजिकैको नर्थवेस्टर्न र रोडी आइल्यान्डस्थित ब्राउन विश्वविद्यालय प्रशासन र विद्यार्थीबिच विश्वविद्यालय हाताभित्र टेन्टको सङ्ख्या घटाउने सहमति भएको छ । कतिपय विश्वविद्यालयमा प्रदर्शकारी विद्यार्थी र प्रहरीबिच झडपहरू भएका समाचार सार्वजनिक भएका छन् । त्यस्तै सयौँ विद्यार्थीहरू पक्राउ परेका छन् । प्रदर्शनमा पक्राउ परेका विद्यार्थीहरूको सङ्ख्या यकिन नभए पनि कम्तीमा २ हजार ५ सय विद्यार्थी पक्राउ परेको समाचार संस्थाले एपी उल्लेख गरेको छ ।

एपीका अनुसार मे १ र २ मा मात्रै यल, डार्टमाउथ, स्टोनी ब्रुक, पोर्टल्यान्ड, विस्कन्सिन र टेक्सास विश्वविद्यालयमा मात्रै सयौँ विद्यार्थी पक्राउ परेका थिए । त्यस्तै, क्यालिफोर्नियाबाट २ सय १० र न्युयोर्कबाट २ सय ८२ विद्यार्थीलाई नियन्त्रणमा लिइएको थियो । न्युयोर्कस्थित कोलम्बिया विश्वविद्यालयले क्याम्पस हातामा विद्यार्थीहरूले बनाएका अस्थायी शिविरहरू हटाउन समयसीमा तोकेको थियो । तर, उक्त समयमा शिविरहरू नहटाइएपछि विद्यार्थीहरूलाई निलम्बन गर्न थालेको छ ।

युनिभर्सिटी अफ टेक्सस (अस्टिन) मा राखिएका शिविर हटाउन विद्यार्थीले आनाकानी गरेपछि टेक्सास प्रहरीले हटाइदिएको छ । त्यसक्रममा पालहरूभित्र ढुङ्गाहरू फेला परेका र कतिपय प्रदर्शनकारी विश्वविद्यालयसँग असम्बन्धित रहेको पत्ता लागेको विश्वविद्यालयको दाबी छ । कोलम्बिया विश्वविद्यालयमा प्रदर्शनकारीले खडा गरेका शिविर दुई साताअघि प्रहरीले हटाइदिएपछि विद्यार्थी प्रदर्शन थप फैलिएको थियो । तर यहुदी विद्यार्थीमाथि आक्रमण भएको र त्यसलाई रोक्न नसकेको भन्दै विश्वविद्यालयको नेतृत्वमाथि कारबाही वा पद छाड्न दबाब बढिरहेको छ । विश्वविद्यालय यहुदीविरोधी भावनाले यहुदी विद्यार्थीहरू जोखिममा परेको विषयमा अमेरिकाभरि भइरहेको बहसको केन्द्रमा छ ।

प्रहरीले अप्रिल १८ मा क्याम्पसको मध्यभागमा प्यालेस्टिनी समर्थक विद्यार्थीले बनाएको शिविर हटाउनुका साथै एक सयभन्दा बढी विद्यार्थीलाई पक्राउ गरेको थियो । तर, विद्यार्थीहरूले फेरि अर्को शिविर बनाएका थिए । जसका कारण विश्वविद्यालयले अनलाइन पढाइ सुरु गरेको थियो । पुनः प्रहरी गुहार्ने कुनै योजना नरहेको बताएको विश्वविद्यालयले ग्र्याजुएसन कार्यक्रम स्थगित गरेको छ ।

प्रतिनिधिसभाका सभामुख माइक जोन्सनले गत साता विश्वविद्यालयका अध्यक्ष नेमात सफिकले पद छाड्नुपर्ने बताएका थिए । "कोलम्बियामा जे भइरहेको छ त्यो निकै लज्जास्पद छ," रिपब्लिकन नेता जोन्सनले एक्समा लेखेका थिए । त्यस्तै, प्रतिनिधिसभाका डेमोक्रेट सांसदहरूले समेत कोलम्बिया विश्वविद्यालयका बोर्ड अफ ट्रस्टिज, व्यवस्थापकलगायतलाई 'निर्णायक कारबाही गर्न, शिविरहरू हटाउन र सबै विद्यार्थीहरूको सुरक्षा सुनिश्चित' गर्न आग्रह गरेका थिए ।

स्वतन्त्र पर्यवेक्षकले इजरायलविरुद्ध विद्यार्थीले गरेको विरोधलाई एक्काइसौँ शताब्दीकै ठूलो प्रदर्शनका रूपमा व्याख्या गरेका छन् । यी प्रदर्शनलाई भियतनाम युद्धको विरोधमा सन् १९६० को दशकमा भएको आन्दोलन र १९८० को दशकमा भएको रङ्गभेदविरोधी आन्दोलनसँग तुलना गरिएको छ । अमेरिकाले यो शताब्दीमा तीन ठुला आक्रमणको सामना गरेको छ । ती इराकमाथि अमेरिकी आक्रमणको विरोध, अकुपाई वालस्ट्रिट आन्दोलन र अश्वेत युवा जर्ज फ्लोइडको हत्यापछि उठेको रङ्गभेदविरोधी प्रदर्शन हुन्छ ।

समाचार संस्था रोयटर्सका अनुसार आन्दोलित विद्यार्थीहरूले प्यालेस्टिनको गाजामा स्थायी युद्धविरामको माग गरेका छन् । उनीहरूले इजरायललाई अमेरिकाले गरिरहेको सैन्य सहयोगको अन्त्य गर्नुपर्ने आवाज उठाएका छन् । हतियार बिक्रेता र युद्धबाट नाफा कमाउने कम्पनीहरूबाट विश्वविद्यालयले वित्तीय सहयोग लिन बन्द गर्नुपर्ने विद्यार्थीहरूको माग छ । अमेरिकी शैक्षिक संस्थाहरूले इजरायलसँग आर्थिक दूरी कायम गर्नुपर्ने विद्यार्थीहरूको माग छ । त्यस्तै, आन्दोलनको क्रममा प्रहरीले पक्राउ गरेका विद्यार्थी तथा अध्यापकहरूलाई बिनासर्त रिहा गरिनुपर्ने पनि उनीहरूको माग छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले भने जोकोही अमेरिकीलाई प्रदर्शन गर्ने अधिकार रहेको बताएका छन् । तर प्रदर्शनको क्रममा कानुनको पालना गरिनुपर्ने उनको भनाइ छ । 'प्रदर्शन र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ,' प्यालेस्टिनको समर्थनमा विद्यार्थीले गरेको प्रदर्शनबारे बाइडेनले भनेका छन् । विद्यार्थीहरूका पछिल्ला प्रदर्शनमा कानुनको अवहेलना भएको उनको दाबी छ । 'शान्तिपूर्ण विरोधको समर्थन गर्न सकिन्छ, तर हिंसात्मक विरोधको होइन,' बाइडेनले भने ।

विद्यार्थी प्रदर्शनका विषयमा राष्ट्रपति कार्यालय ह्वाइट हाउस भने अप्ठेरोमा पर्दै गएको कतिपयको आकलन छ । ह्वाइट हाउस शान्तिपूर्ण प्रदर्शनको अधिकार र घृणाजन्य अभिव्यक्तिको निन्दाको विषयमा सन्तुलन खोजिरहेको जस्तो देखिएको कतिपयको विश्लेषण छ । "यो पीडादायी क्षण हो," ह्वाइट हाउसकी प्रेस सेक्रेटरी करिन जाँ पियरले भनिन् ।

त्यस्तै, अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले पनि विद्यार्थी आन्दोलनको विरोध गरेका छन् । उनले आन्दोलनकारी विद्यार्थीलाई 'रिसाहा पागलहरू' को संज्ञा दिएका छन् । प्रदर्शनमा उत्रिएका विद्यार्थीलाई उदारवादी समूहहरूले खटाएको उनको दाबी छ । न्युयोर्कबाट रिपब्लिकन पार्टीबाट निर्वाचित कङ्ग्रेस सदस्य एलिज स्टेफानिकले यहुदी विद्यार्थीहरूको चिन्ता सम्बोधन गर्न कोलम्बियाको नेतृत्व कमजोर देखिएको भन्दै आलोचना गरेकी छन् ।

प्यालेस्टिनमाथि इजरायली आक्रमणको विरोधमा अमेरिकासँगै अस्ट्रेलिया, क्यानडा, जर्मनी, फ्रान्स, डेनमार्क, इटाली, फिनल्यान्ड, यूकेलगायत देशका विभिन्न विश्वविद्यालयका विद्यार्थीले समेत इजरायलको ज्यादतीविरुद्ध प्रदर्शनहरू चर्काएका छन् ।

***(एजेन्सीहरूको सहयोगमा)***

***साभार : 'कान्तिपुर' दैनिक***

***०८१ वैशाख २६***






*प्यालेस्टिनमाथि इजरायली आक्रमणको विरोधमा अमेरिकासँगै अस्ट्रेलिया, क्यानडा, जर्मनी, फ्रान्स, डेनमार्क, इटाली, फिनल्यान्ड, यूकेलगायत देशका विभिन्न विश्वविद्यालयका विद्यार्थीले समेत इजरायलको ज्यादतीविरुद्ध प्रदर्शनहरू चर्काएका छन् ।*

# हार्दिक धन्यवाद




नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा **१३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस** वैशाख १९ गते भक्तपुरको च्याम्हासिंहबाट ऱ्याली गरी ऐतिहासिक नगर नासमना टोलमा सभामा परिणत भई भव्य र सभ्य तरीकाबाट सुसम्पन्न गर्न सहयोग गर्नुहुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, नेपाल क्रान्तिकारी महिला संघ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैजु, नेपाल क्रान्तिकारी डकर्मी सङ्घ, भक्तपुर जिल्ला सिकर्मी सङ्घ ,नेपाल क्रान्तिकारी यातायात मजदुर सङ्घ ,नेपाल क्रान्तिकारी औद्योगिक मजदुर सङ्घ, नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर नगर समिति, मजदुर, किसान, शिक्षक, सहकारीकर्मी, सांस्कृतिककर्मी, कर्मचारी, खेलाडी, सञ्चारकर्मी, स्वास्थ्यकर्मी, नेमकिपाका जनवर्गीय सङ्गठनहरू एवं आर्थिक ,नैतिक र भौतिकरूपमा सहयोग गर्नुहुने सम्पूर्ण क्रान्तिकारी मजदुर र सर्वसाधारण जनतामा नेपाल क्रान्तिकारी मजदुर सङ्घ हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी मजदुर सङ्घ**

**जिल्ला समिति भक्तपुर**



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप अस्पताल

च्यामासिंह, भक्तपुर, फोन नं. ०१-६६१०३१७

## सार्वजनिक शौचालय सञ्चालनसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२७)

यस ख्वप अस्पतालको पश्चिम दिशामा सार्वजनिक शौचालय सञ्चालन गर्नुपर्ने भएकोले व्यक्ति/सङ्घ-संस्थानबाट सार्वजनिक शौचालय सञ्चालनका लागि सिलबन्दी दरभाउपत्रको प्रस्ताव आह्वान गरिन्छ । दरभाउपत्र प्रस्ताव फारम अस्पतालको लेखा शाखामा रु.१०००/- (अक्षरेपी एक हजार रुपैयाँ फिर्ता नहुने) बुझाई खरिद गरी मिति २०८१/०१/३० गते दिनको १२:०० बजेभित्र दर्ता गराउन सकिनेछ । दरभाउपत्र प्रस्ताव मिति २०८१ वैशाख ३० गते दिनको १:०० बजे अस्पतालको कार्यालयमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रसम्बन्धी नियमहरू सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसमेत) तथा प्रचलित कानुनअनुसार हुनेछ ।

*अन्य विस्तृत जानकारीको लागि यस अस्पतालमा सम्पर्क राख्नु हुनसमेत सूचित गरिन्छ ।*



# हार्दिक समवेदना

जन्म
२०१०/०६/१३



निधन
२०८०/१२/१३

हाम्रा आत्मीय मित्र राजेश प्रजापतिका पूजनीय पिता **तुल्सीबहादुर प्रजापति**को असामयिक निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

सीताराम प्रजापति
राजेन्द्र प्रजापति
रामसुन्दर प्रजापति
सुरेन्द्र प्रजापति
रामप्रसाद बोहजु
रवीन्द्र मानन्धर
राकेश कुटुवाजु
रवीन्द्र कुटुव
सुरेन्द्र लवजु


**सत्ताको...**

वैशाख २६ गतेको अन्नपूर्ण पोस्टमा 'सत्ताको लोभमा यसरी टुक्रिए मधेसका दलहरू' शीर्षक दिएर सुरूदेखि हालसम्मको मधेसवादी दल टुक्रिएको विवरण नै दिइएको छ ।

मधेसवादी दल टुक्रिनुमा मधेसी जनताको सेवा गर्न होइन; देश र व्यापक जनताको सेवा गर्न होइन; यसको कारण सरकारमा सामेल भएर मन्त्री हुन, प्रदेशमा सरकारको नेतृत्व गर्न या भागबन्डा पाउन या दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न नै भएको देखिन्छ । यही कारण एक समय देशको चौथो ठुलो दल बनेको मधेसवादी दल अहिले दर्जनौँ दलमा विभाजित भएको छ र दलको स्थिति दयनीय बनेको छ । तराईलाई स्वायत्त राज्य बनाउने, हिन्दी भाषालाई क्षेत्रीय भाषा बनाउने, एक मधेस एक प्रदेश बनाउने, विदेशी नागरिकलाई पनि नेपाली नागरिक बनाउने मधेसकेन्द्रित दलहरूको मूल उद्देश्य भएको देखिन्छ । के त्यो उद्देश्य देश र व्यापक जनताको पक्षमा छ ? उनीहरूको त्यो उद्देश्यले देशलाई दूरगामी असर पुऱ्याउँछ । नेपालको अस्तित्व मेटाउने त्यो चालको के देशभक्त दल र जनताले विरोध गर्नुपर्दैन ?

देशका अरू ठुला दलभैँ मधेसकेन्द्रित दलका नेताहरू पनि सत्तालोलुप बनेका छन् । दल टुक्रा टुक्रा हुनुको पछाडि दलगत र व्यक्तिगत स्वार्थ रहेका छन् । दल खोल्नुको पछाडि तराईका पीडित जनताको आन्दोलन सेलाउन हो या सङ्गठित गर्न नदिन हो । कुनै पनि अवसरवादी नेताहरूले मधेसको मात्र होइन व्यापक जनताको हित खोज्दैनन्; हित चाहँदैनन् ।


# हार्दिक समवेदना



**हरिराम बोयजु**

**जन्म : २०२९/१०/०५** **निधन : २०८१/०१/२४**

पिकअप दुवानी इकाई भक्तपुर २ का उपाध्यक्ष तथा कोषाध्यक्ष हरिकृष्ण बोयजुका दाजु **हरिराम बोयजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

## सञ्चालक समितिका सदस्यहरू

हरिराम कोजु
उत्तम बाटी
अमन बाटी
आशराम चिकंबन्जार
श्रीकृष्ण लिवी
कृष्णराम खाइतु
हरिकृष्ण बोयजु
राजन कवां
सुन्दर कोजु
रबिन्द्रलाल कर्माचार्य
रमेश सुजखु
रामप्रसाद दुवाल
विश्वराम खर्बुजा



# हार्दिक समवेदना



**हरिराम बोयजु**

**जन्म : २०२९।१०।०५** **निधन : २०८१।०१।२४**

इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि. महिला उपसमितिका सदस्य कान्छीमाया बोयजुका पति तथा संस्थापक सदस्य एवं सवारी साधन मूल्याङ्कन उपसमितिका सदस्य **हरिराम बोयजु**को असमायिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवाजनमा धैर्यधारण गर्न सकोस् भनी कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछ ।

**इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि.**

हाकुफोहिटीचोक, भ.न.पा.-२


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा